स्वभिमानी नेता र कार्यकर्ताले मात्रै देशलाई अघि बढाउन... पृष्ठ ५ मा

जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ •अंक ३५ • २०८१ साल असार ९ गते आइतबार (23 June, Sunday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

जसपा नेपालको केन्द्रीय समिति विस्तार यसै हप्ता

टुडे समाचारदाता

जनकपुरधाम । जनता समाजवादी पार्टी(जसपा)नेपालको गत महिना सम्पन्न एकताको प्रथम राष्ट्रिय महाधिवेशनको म्याण्डेट अनुसार अध्यक्ष उपेन्द्र यादवले यसै हप्ता केन्द्रीय कार्यसमिति विस्तार गर्न लागेका छन् ।

महाधिवेशनबाट विधान अनुसारको २ सय १ सदस्यीय केन्द्रीय समिति चयन गर्न मतदान हुने अन्तिम क्षणमा सबै उम्मेदवारले मनोनयन फिर्ता लिएको घोषणा गरिएको थियो । त्यसपछि केन्द्रीय समिति विस्तार गर्ने सम्पूर्ण अधिकार केन्द्रीय अध्यक्ष उपेन्द्र यादवलाई दिएको थियो ।

जसपा नेपालको विधान अनुसार सबै २ सय १ सदस्यीय केन्द्रीय समितिको चुनाव हुनुपर्ने हो । तर अध्यक्षमा यादव निर्विरोध भएपछि मतदान हुने अन्तिम समयमा अध्यक्षलाई केन्द्रीय समिति गठन गर्ने अधिकार प्रत्यायोजन गरिएको थियो ।

महाधिवेशन सम्पन्न भएको १० दिन बितिसकेको छ । अध्यक्ष यादवले केन्द्रीय समिति विस्तारका लागि सघन छलफल गरिरहेका छन् ।

पार्टीका पूर्व कार्यकारिणी समिति सदस्य रहेका मनिष सुमनले यसै हप्ता केन्द्रीय समिति विस्तार हुने बताएका छन् । 'केन्द्रीय समिति विस्तार अन्तिम चरणमा पुगेको छ ' उनले भने, अध्यक्ष जी कार्यसमिति विस्तारका लागि सघन रुपमा छलफल गरिरहनु भएको छ ।

पार्टी विधान अनुसार महाधिवेशनमा मतदान हुँदा धेरै नेता पराजित हुने निश्चित देखेपछि अध्यक्ष यादवले मतदान रोकेर अधिकार आफैले लिएका थिए ।

चुनाव नहुँदा सहअध्यक्ष पदका उम्मेदवार राजकिशोर यादव सर्वाधिक मारमा परेका छन् । मतदान हुँदा उनी चुनाव जित्ने निश्चित थियो । तर अब रकम चेम्जोंगलाई अध्यक्ष यादवले सहअध्यक्ष बनाउने भएका छन् । महासचिवमा रामकुमार शर्मा र उपाध्यक्षमा लिला सिटौला निश्चित छ ।

केन्द्रीय समितिमा हाल अध्यक्ष बाहेक निर्विरोध भएका ७ जना सदस्य छन् । महाधिवेशन सम्पन्न भएपछि हाल सम्म केन्द्रीय समितिको बैठक बसेको छैन ।

एकजना नेताले जनाए अनुसार भदौ १३ गते सर्वोच्च अदालतले तोकेको पेशी भन्दा पूर्व केन्द्रीय समिति विस्तार हुने छैन ।' सर्वोच्च अदालतको फैसला भएपछि मात्र केन्द्रीय समिति विस्तार हुनेछ' अध्यक्ष यादव निकटका एकजना युवा नेताले भने, केन्द्रीय समितिलाई पूर्णता दिन केही महिना लाग्नेछ ।

प्रदेश सरकारबाट बाहिरिएको अवस्था र सर्वोच्च अदालतको निर्णय पर्खिनु पर्ने विवशतामा जसपा नेपालका अध्यक्ष यादवको निर्णय हतारमा नहुने ती नेताले बताए ।

पार्टी पदाधिकारीका लागि दावेदार रहेकाहरु मध्ये केहीमा व्यापक असन्तुष्टि देखिएको छ । तर अध्यक्षको कोपभाजनमा पर्न सक्ने भयले मौन रहेका नेताहरु विद्रोह गर्न सक्ने आशंका पनि नेतृत्वलाई छ ।

पदाधिकारीमा युवाहरुले अवसर नपाउनेमा अधिकांश नेताहरु ढुक्क छन् । गत कार्यकारिणी समितिमा रहेका बुजुर्ग नेताहरु नै पदाधिकारीमा रहने बताइन्छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

मधेश प्रदेश, जनकपुरधाम

डेंगु रोग सम्वन्धि जानकारी तथा यस वाट बँच्ने उपाय

लामखुट्रेको टोकाईवाट सर्ने चार रोगमध्ये **डेंगु** रोग पनि एक हो । यो एसिड एडिप्टाई नामक लामखुट्रेको टोकाईवाट पर्ने सरुवा रोग हो । पहिलो चरणमा ज्वरो आउने लगायतका लक्षणहरु देखा परे पनि ध्यान नदिए यो रोगको कारण ज्यान समेत जान सक्छ ।

खतराको संकेत (वार्निङ साइन)

- वाकवाकी लाग्ने, निरन्तर वान्ता हुने
- पेट दुख्ने, आलस्य हुने
- दिसा कालो हुनु तथा पिसाव रातो हुनु
- गिजा तथा नाक, मुखवाट रगत आउनु

पहिलो चरणमा देखा पर्ने लक्षणहरु

- उच्च ज्वरो आउनु
- आखाको गेडी दुख्नु तथा हल्का रातो हुनु
- जोर्नी र मांसपेशीमा अत्याधिक पिडा हुनु
- शरीर चिलाउनु(हल्का बिबिरा समेत आउन सक्छ)

डेंगु रोगको उपचार

डेंगु ज्वरो विषाणुको कारणबाट लाग्ने भएकोले यसको वास्तविक रुपमा कुनै किसिमको उपचार छैन । तर, बिरामीमा देखिएको लक्षणको आधारमा सिटामोल र प्रशस्त मात्रामा झोलपदार्थ पिउनु पर्दछ । त्यसैले यस्ता लक्षणहरु कुनै पनि व्यक्तिमा देखापर्ने बित्तिकै डेंगु ज्वरोबाट हुने जटिलताबाट बचाउन तरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्नु पर्दछ ।

डेंगु ज्वरोबाट बँच्ने उपाय

- *लामखुट्रेको टोकाइबाट बच्ने ।*
- *लामखुट्रेको बृद्धि र विकासमा नियन्त्रण गर्ने ।*
- *घर, आगन, कौशी/छतको हरहमेशा सरसफाइ गर्ने र पानी जम्न नदिने ।*
- *खाली बट्टा, टिन, पोखरी, टायर, ट्युब आदीमा पानी जम्न नदिने ।*
- *पानीको नाली, ढल, पोखरी आदीमा हप्ताको १ पटक डढेको मोबिल, मट्टितेल छर्कने ।*
- *पानीको ट्याङ्की पुरा खाली गरेर सफ गर्ने ।*
- *खानेपानीको ट्याङ्की राम्ररी ढकन लगाएर राख्ने ।*
- *गमला, फुलदानीमा रहेको पानी हप्तामा १ पटक फेर्ने र पानी सुक्न दिने ।*

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं
डेंगी
विद्यालय

डेंगी रोग डेंगी भाईरसवाट संक्रमित एडिज जातका लामखुट्रेको टोकाईबाट सर्दछ । एडिज जातका लामखुट्टे पानी जम्मा भएको जुनसुकै भाँडोमा पनि हुर्कन सक्दछ ।

पानी राख्ने भाँडाहरु जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं । साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं ।





कोठा भित्र लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं ।



पूरै शरिर ढाक्ने लुगा लगाऔं ।

काम नलाग्ने र पानी भरिन सक्ने सामानहरु जस्तै बोतल, टायर, प्लास्टिकका बस्तुहरु पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने ।



घर/विद्यालयको अध्यारा कुना-काप्चा, जस्तैः पर्दा पछाडी, खाटमुनि, शौचालय भित्र, डेस्क/बेन्च मुनि आदि जस्ता ठाउँहरूमा किटनाशक औषधि छर्कने गरौं ।





कम्तिमा हप्ताको एक पटक ऐर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएको प्लेटहरू राम्ररी सफा गरौं ।



हामी सबै मिलेर मात्र डेंगी रोकथाम गर्न सक्छौं ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर र विद्यालय भित्र र वरपरका पानी जम्ने सबै ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

मिथिला बिहारी नगरपालिका

तारापट्टी, धनुषा, मधेश प्रदेश

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं
डेंगी

डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरु

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।





थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीका मूख्य लक्षणहरु



उच्च ज्वरो आउनु



जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु



आँखाको गेडी दुख्नु



बेस्सरी टाउको दुख्नु



शरीरमा राता बिमिराहरु आउनु



वाकवाकी लाग्नु वा वान्ता हुनु

डेंगीका लक्षणहरु देखिएमा के गर्ने ?

स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।





घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।

अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरुन्त भर्ना हुने ।



(*चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने)

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

नरहा गाउँपालिका

नरहा, सिरहा, मधेश प्रदेश

महाधिवेशनका लागि एक हजार आठ सय प्रतिनिधि छनोट

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले दशौँ राष्ट्रिय महाधिवेशनका लागि देशभरबाट एक हजार आठ सय प्रतिनिधि छनोट गरेको छ ।

यही असार १६ देखि २० गतेसम्म काठमाडौँमा आयोजना हुने महाधिवेशनका लागि ७७ जिल्ला र विभिन्न सङ्गठनबाट एक हजार आठ सय प्रतिनिधि छानिएको पोलिटब्युरो सदस्य दिलु पन्तले राससलाई जानकारी दिनुभयो । उहाँका अनुसार महाधिवेशनका लागि एक हजार आठ सय ४९ प्रतिनिधिको व्यवस्था गरिएकामा केही क्षेत्र र मातहतका कमिटीमा विवाद भएकाले प्रतिनिधि छनोट बाँकी छ ।

अधिकांश स्थानमा सर्वसम्मतरुपमा प्रतिनिधि छनोट भएको जनाउँदै पन्तले केही ठाउँमा मात्रै निर्वाचन प्रक्रियाबाट छनोट गरिएको बताउनुभयो । उहाँका अनुसार महाधिवेशन आयोजक समिति स्वतः प्रतिनिधि हुने व्यवस्था गरिएकाले करिब चार सय ५० केन्द्रीय नेता स्वतः प्रतिनिधि हुनेछन् ।

यसअघि केन्द्रीय नेता पनि चुनियर आउनपर्ने निर्णय गरिएकामा उक्त व्यवस्थालाई संशोधन गरी केन्द्रीय तहका नेता स्वतः प्रतिनिधि हुने व्यवस्था गरिएको थियो । छनोट गरिएका प्रतिनिधिको कूल सत्ृ्याको पाँच प्रतिशत अर्थात ९५ जना मनोनयन गर्ने व्यवस्था छ । केही दिनमा ती प्रतिनिधि मनोनयन गरिने पार्टी कार्यालयले जनाएको छ ।

तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (एमाले) सँग अलग भएर गठन गरिएको एकीकृत समाजवादीले पहिलो पटक महाधिवेशन गर्न लागेको जनाउँदै यसका सदस्य एमालेकै निरन्तरताबाट आएकाले दशौँ महाधिवेशन गर्न लागिएको पोलिटब्युरो सदस्य पन्तले बताउनुभयो ।पार्टीको वैचारिक दृष्टिकोणका साथै नीति तथा कार्यक्रम पारित गर्ने महाधिवेशनले नयाँ नेतृत्व पनि चयन गर्नेछ । सङ्घीय संसद्मा १० र राष्ट्रियसभामा आठ सदस्य रहेको पार्टीले सुदूरपश्चिम प्रदेशमा सरकारको नेतृत्व गरेको छ ।रासस

स्वदेशमा उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्नु मुख्य प्राथमिकतामा

काठमाण्डु । उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले मुलुकको सामाजिक आर्थिक रुपान्तरणको प्रक्रियालाई तीव्र पारेर स्वदेशमा उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्नुपर्ने अहिलेको मुख्य प्राथमिकता रहेको बताउनुभएको छ ।

राष्ट्रिय युवा परिषद् र युवा गैरसरकारी संस्था महासङ्घ नेपालले संयुक्तरुपमा शनिबार आयोजना गरेको 'युथ लिडरसिप समिट-२०२४'लाई सम्बोधन गर्दै उपप्रधानमन्त्री श्रेष्ठले न्यूनतम आधारभूत आवश्यकता परिपूर्तिका लागि विदेशिनुपर्ने बाध्यता अन्त्य गर्नैपर्ने बताउनुभयो । मुलुकमा युवा उद्यमशीलता विकास गर्न आगामी आर्थिक वर्षको बजेटमा विशेष व्यवस्था गरिएको जानकारी दिँदै उहाँले बजेटले उत्पादन वृद्धि र रोजगारी सिर्जनालाई उच्च प्राथमिकता दिएको बताउनुभयो ।

राजनीतिक परिवर्तनपछाडि मुलुकले तीव्र आर्थिक फड्को मार्न नसकेको यथार्थ स्वीकार गर्दै उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "यसमा आलोचना गरौँ तर मुलुकको गौरवपूर्ण इतिहासप्रति गर्व गरौँ, सकारात्मक विषयलाई मनन्, समस्यालाई सच्याएर अगाडि बढौँ ।"

उपप्रधानमन्त्री श्रेष्ठले जनताको सङ्घर्षको बलमा प्राप्त राजनीतिक उपलब्धिको रक्षा गर्दै आर्थिक समृद्धिको मार्गमा अघि बढ्नु वर्तमानमा सबैको आवश्यकता भएको उल्लेख गर्नुभयो । "राजनीतिक प्रणालीलाई प्रजातान्त्रिक त बनायौँ, तर यसले सामाजिक आर्थिक रुपान्तरणका पक्षमा माध्यम र साधनको काम गर्नुपर्थ्यो, त्यसो हुन सकेको छैन", उहाँले भन्नुभयो, "आर्थिक समृद्धिलाई तीव्र पारेर मुलुकलाई सवल बनाउनुपर्छ ।"

मुलुकमा वैचारिक र सांस्कृतिक रुपान्तरणको आन्दोलनको खाँचो रहेको औँल्याउँदै उपप्रधानमन्त्री श्रेष्ठले समाजका सबै पक्षभित्र रुपान्तरणको अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो । "राजनीतिक दलभित्र शुद्धीकरणको अभियान चलाउनुपर्छ, राजनीति सफा नगरी विकास र समृद्धिको कार्यभार पूरा हुन सक्दैन", उहाँले भन्नुभयो, "मुलुकलाई आर्थिकरुपमा सबल बनाउन राजनीतिक संस्कारमा परिवर्तन हुनैपर्छ, यसमा युवाको सक्रिय सहभागिताको आवश्यक छ ।"

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा तोसिमा कार्कीले मुलुकलाई आर्थिक रुपमा सबल बनाउन नेपालका राजनीतिक दलहरु सक्षम रहेको बताउनुभयो । "नेपाललाई समृद्धि बनाउन हामी सक्षम छौँ, चुनौती छन्

तर तयसलाइ

अवसरमा परिणत गर्न सक्छौँ", उहाँले भन्नुभयो ।

मुलुकको आर्थिक उन्नतिमा प्रमुख भूमिका खेल्न सक्ने युवा जनशक्तिलाई पछाडि राखेर समृद्धि हासिल गर्न नसकिने भन्दै सांसद कार्कीले अब युवा नेतृत्वका लागि अगाडि आउनुपर्ने बताउनुभयो । "युवा राजनीतिमा मात्रै होइन, स्वास्थ्य, शिक्षा, कृषि, विज्ञान प्रविधिलगायत समाजका विविध क्षेत्रमा अगाडि आउनुपर्छ", उहाँले भन्नुभयो, "यसका लागि सरकार र सरोकारवाला निकायले युवामैत्री नीति र वातावरण बनाउनुपर्छ ।"

परिषद्का उपाध्यक्ष सुरेन्द्र बस्नेतले युवाको क्षमता, नेतृत्व र सीप विकास तथा उद्यमशीलता र स्वरोजगारको बाटोमा उन्मुख गराउन सीमित साधनस्रोतका बाबजुद परिषद् क्रियाशील रहेको जानकारी दिनुभयो । उहाँले तीनै तहका सरकारले युवा मैत्री वातावरण तयार गर्नेमात्र नभई स्वदेशमै उद्यमशील र स्वरोजगार बनाउन भूमिका खेल्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

गणतन्त्र स्थापनापश्चात् मुलुकले राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा ठूला उपलब्धि हासिल भएको उल्लेख गर्दै परिषद्का उपाध्यक्ष बस्नेतले भन्नुभयो, "शासकीय भूमिका तथा राज्यका निकायमा महिला, मधेसी, दलित, जनजातिलगायत अल्पसत्ृ्य तथा लोपोन्मुख समुदायको प्रतिनिधित्व बढेको छ ।" युवा पिँढीलाई भविश्यका कर्णधारका रुपमा मात्र सीमित नगरी वर्तमानको साझेदार र हिस्सेदार बनाउन सक्दा मात्रै युवा जनसर्ात क लाभबाट मुलुकले फाइदा लिन सक्ने उहाँको भनाइ छ । कार्यक्रममा उपप्रधानमन्त्री श्रेष्ठले युवाको सीप, क्षमता र नेतृत्व विकासमा क्रियाशील विभिन्न सङ्घसंस्थालाई सम्मान गर्नुभएको थियो ।रासस

विपद् व्यवस्थापनको पूर्वतयारी

काभ्रेपलाञ्चोक । मनसुन सुरु भएसँगै प्राकृतिक प्रकोप तथा हुनसक्ने विपद्जन्य घटना र अवस्थाको व्यवस्थापन गर्न जिल्लास्थित सुरक्षाकर्मीले आपत्कालीन विपद् प्रतिकार्यको तयारी थालेका छन् । पाँचखालमा रहेको सशस्त्र प्रहरी बल नेपाल नं १५ गण हेडक्वाटरले उद्धार टोलीका लागि बनेपा नजिकमा 'अस्थायी वेश' राखेको छ ।

पनौती नगरपालिका-५ स्थित आइटी पार्कमा निर्माणाधीन सुरक्षण मुद्रण प्रेस भवनमा बसेको टोलीले जिल्लाको मुख्य सहर बनेपा आसपासका स्थानीय तहमा हुने मनसुन तथा विपद्मा उद्धार गर्ने जनाएको हो । उद्धार सामग्रीसहित सशस्त्र प्रहरी निरीक्षकको नेतृत्वमा २५ सशस्त्र प्रहरी टोलीलाई उद्धारमा खटिन तयारी अवस्थामा राखिएको जिल्लास्थित विपद् व्यवस्थापन समितिले जनाएको छ ।

गृह मन्त्रालयको निर्णय अनुसार पाँचखालमा रहेको हेडक्वाटरबाट रेखदेख तथा सञ्चालन हुने गरी उद्धारमा खटिनुपर्दाको अवस्थामा सडक र दूरीका हिसाबले पायक पर्ने स्थानमा छनोट गरी अस्थायी वेश राखिएको समितिले जनाएको छ ।यसअघि काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकका सशस्त्र प्रहरी टोलीले सुनकोशी नदीमा उद्धारको पूर्वाभ्यास गरेको थियो । संयुक्त पूर्वाभ्यासमा सशस्त्र प्रहरी अधिकृत तथा जवानद्वारा बाढीमा बगेका, डुबेका, पहिरोमा फसेका तथा बाढीमा फसेका व्यक्तिलाई उद्धार गरी अभ्यास गरिएको थियो । साथै उद्धारकर्मी आफैँ बाढीमा फसेर जोगिन सफल भएको प्रदर्शन गरिएको थियो । दुई जिल्ला विपद्को उच्च जोखिममा रहेकाले संयुक्त पूर्वाभ्यास गरिएको जनाइएको छ ।

जिल्लास्थित नेपाली सेनाको कालीजङ्ग गण धुलिखेलले सामुदायिक विपद् प्रतिकार्यका लागि काभ्रेपलाञ्चोकको १३ मध्ये १० स्थानीय तहमा ८० सामुदायिक विपद् प्रतिकार्य तालिम दिई जनशक्ति तयार पारेको छ । तालिममा विपद्को परिचय र व्यवस्थापन चक्र, प्रतिकार्यका लागि आवश्यक सामग्री, सीप तथा कला, बाढीपहिरो, डुबान, आगलागीलगायत विपद्का घटनाका दौरान उद्धार गर्ने तरिका, प्राथमिक उपचार, स्थानीय स्रोतसाधनको प्रयोग गरी उद्धार गर्ने, आधुनिक उपकरणको प्रयोगलगायत विषयमा जानकारी गराइएको गणका गणपति प्रमुख सेनानी प्रकाशबहादुर सिंहले जानकारी दिनुभयो । काभ्रेपलाञ्चोकका अधिकांश भू-भाग पहाडी क्षेत्र, जिल्ला भएर बग्ने तीन ठूला नदी विपद्को हिसाबले जोखिमयुक्त मानिन्छन् । वर्षायाममा पहिरोको जोखिम, पुराना घर, बजार क्षेत्रमा बाक्लो बस्ती तथा जङ्गल इलाका धेरै भएकाले आगलागीका घटना हुँदै आएको घटनाक्रमले देखाएको छ ।

विपद्का घटनामा तत्काल उद्धारकर्मी पुग्न सम्भव नहुँदा कयौँ मानिसको ज्यान जानसक्ने सम्भावनालाई न्यूनीकरण गर्न स्थानीयद्वारा नै प्रतिकार्य गर्न सक्ने क्षमताको विकास गर्न तालिम दिइएको सिंहले बताउनुभयो । उहाँका अनुसार विपद्का क्रममा उद्धारकर्मीको उपस्थिति विना स्थानीयद्वारा 'फस्ट रेस्पोन्डर' का रुपमा युवाको क्षमता विकास गरिएको हो ।

प्राथमिक उपचार तथा मेडिकलसम्बन्धी प्रशिक्षण र अभ्यास, शिक्षार्थीबाट 'डेमोन्स्ट्रेशन' गरिएको गणपति प्रमुख सेनानी सिंहको भनाइ छ । गणले गत जेठमा काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकको सीमास्थल भएर बग्ने इन्द्रावती नदीमा 'मनसुन-४'नामक विपद् प्रतिकार्य अभ्यास गरेको थियो । गणले गत वर्ष पनि 'मनसुन-३' नामाकरण गर्दै अभ्यासमा बगेको र डुबेको, पहिरोमा फसेको व्यक्तिको उद्धार प्रदर्शन गरेको थियो ।

यसैबीच समितिको बैठकमा मनसुन तथा विपद्बाट प्रभावित हुनसक्ने स्थान पहिचान गरी सङ्कटको अवस्थामा रहेका समुदाय एवं बस्तीको पहिचान र जोखिम न्यूनीकरणका उपाय अवलम्वन गर्ने, विपद् प्रतिकार्यका लागि अवश्यक समग्रीको सम्बन्धित सबै निकायले तयारी अवस्थामा राख्ने, एम्बुलेन्स, दमकलसहितका उपकरण अन्तर स्थानीय तह समन्वय गरी परिचालन गर्नेलगायत निर्णय भएका छन् ।

विपद्को समयमा तत्काल सेवा दिनसक्ने गरी स्वास्थ्य संस्था, औषधि र जनशक्तिलाई तयारी अवस्थामा राख्ने, विकासका आयोजना सञ्चालन गर्दा र निर्माण सामाग्री उत्पादन गर्दा विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गरी मापदण्डको पूर्णपालना गर्नुपर्ने पनि निर्णय भएका समिति संयोजक एवं प्रमुख जिल्ला अधिकारी सूर्य सेढाईंले जानकारी दिनुभयो । रासस

अमेरिकामा 'नेपाल-अमेरिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सव'


NAIFF
Nepal-America
International Film Festival
नेपाल अमेरिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सव
June 20-23, 2024
Maryland, USA
https://www.nafilmsociety.org

काठमाण्डु । अमेरिकाको मेरिल्याण्डमा 'नेपाल-अमेरिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' को सातौँ संस्करण सुरू भएको छ ।

नवीन सुब्बाले निर्देशन गर्नुभएको चलचित्र 'गाउँ आएको बाटो' को अमेरिका प्रदर्शनी (युएसए प्रिमियर) सँगै सुरू भएको उक्त महोत्सवमा नेपाल, अमेरिका, इरान, जर्मनी, पाकिस्तानलगायत ११ देशका चलचित्र, वृत्तचित्र, छोटा र सजीवता (एनिमेसन) विधाका गरी ३५ चलचित्र प्रदर्शन गरिने महोत्सव निर्देशक पूर्णसिंह बराइलीले जानकारी दिनुभयो ।

"नेपाल र अमेरिकाको कला, संस्कृति, परम्परा, ज्ञानलाई चलचित्रमार्फत जोड्ने उद्देश्यले महोत्सव आयोजना गरेका हौँ । यसपटकको संस्करणमा हामीले छनोट गरेका चलचित्रले नेपालको आम जनजीवन र प्रवास नियतिलाई प्रष्ट्याउने छ", उहाँले भन्नुभयो ।

यही असार ९ गतेसम्म चल्ने उक्त महोत्सवमा प्रदर्शन गरिएकामध्येबाट उत्कृष्ट चलचित्रलाई विभिन्न अवार्ड प्रदान गरिने छ । महोत्सवको उद्घाटन समारोहमा निर्देशक सुब्बासँगै सहभागी हुनुभएका अभिनेता दयाहाङ राईले यस्ता गतिविधिले नेपाली चलचित्रको प्रवर्द्धनमा मद्दत पुग्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "अमेरिकामा बस्ने नेपालीको सक्रियतामा आयोजना हुने महोत्सवले नेपाली चलचित्रका दर्शक बढाउने छन् । यसले नेपाली मात्र नभई विदेशी दर्शकलाई पनि आकर्षित गरेको छ । साथै, यस्ता महोत्सवमा देखाउन योग्य चलचित्र गाउँ आएको बाटो लिएर आउन पाउँदा झनै हर्षित छु ।" महोत्सवलाई नेपाल अमेरिका फिल्म सोसाइटीले आयोजना गरेको हो ।रासस

सञ्चार क्षेत्रलाई व्यवस्थित गर्न मिडिया काउन्सिल विधेयक : मुख्यमन्त्री पाण्डे

पोखरा । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सञ्चार क्षेत्रलाई व्यवस्थित गर्न गण्डकी प्रदेश सरकारले मिडिया काउन्सिल विधेयक ल्याएको बताउनुभएको छ । गण्डकी प्रदेश सरकारको सहकार्यमा संसदीय पत्रकार मञ्च गण्डकी प्रदेशद्वारा शनिबार आयोजित संसदीय पत्रकार अभिमुखीकरण एवं अन्तर्क्रिया कार्यक्रममा उहाँले सञ्चार क्षेत्र सम्बद्ध सबैसँग पटकपटक छलफल गरी विधेयकलाई निष्कर्षमा पुऱ्याइएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो,"समाजलाई सकारात्मक सोचमा अघि बढाउन पनि सञ्चार क्षेत्रको महत्वपूर्ण भूमिका हुन्छ । मैले संसदीय गतिविधिलाई प्रभावकारी बनाउनका लागि पनि सञ्चार क्षेत्रबाट धेरै अपेक्षा गरेको छु । "पछिल्लो समयमा सामाजिक सञ्जालले समग्र सञ्चार क्षेत्रको भूमिकालाई प्रभाव पारिरहेको जनाउँदै मुख्यमन्त्री पाण्डेले यसका लागि सिङ्गो सञ्चार क्षेत्र जिम्मेवार बन्नुपर्छ भन्नुभयो । गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री एवं प्रमुख प्रतिपक्षी दलका नेता खगराज अधिकारीले सञ्चार क्षेत्रलाई व्यवस्थित एवं प्रभावकारी बनाउन आवश्यक छ भन्नुभयो । रासस

तपाईंको आज

पण्डित : बम जी

मेष	: वाद विवादबाट बच्नु ।
बृष	: पुरस्कार प्राप्त लाभ ।
मिथून	: नयाँ कार्य हुने ।
कर्कट	: बौद्धिक क्षमता ।
सिंह	: प्रतिभा सम्पन्नता ।
कन्या	: शिक्षामा उन्नति ।
तुला	: पारिवाहिक सुख ।
बृश्चिक	: धन वृद्धि सञ्चय ।
धनु	: प्रेम प्रसंग, मित्र सुख ।
मकर	: सुख समृद्धि हुने ।
कुम्भ	: भ्रमण अवसर हुने ।
मीन	: अवसर प्राप्त ।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१☎☎

बारुण यन्त्र	५२००११	विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९, ४२०२९९, १००	साह केबुल	५२४७२२
एम्बुलेन्स (रेडक्रस)	१०२	जानकी केबुल	५२३७२८
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१	म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६	नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
अञ्चल अस्पताल	५२००३३	मुजेलिया प्रहरी चौकी	५२०७५०
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९	सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६	बुद्ध एयर	५२५०२२
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१	यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
रक्तसंचार (रेडक्रस)	५२०८७०	होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४	होटल रामा	५२००५९, ५२३८५४
कृष्णा नर्सिङ्गहोम	५२१९१८	वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७	गौतम होटल, बर्दिबास	०४४-५५००३४
आँखा अस्पताल	५२०३९७	जलेश्वर अस्पताल	०४४-५२००७०
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६	प्रहरी (जलेश्वर)	०४४-५२०००९
एयर पोर्ट	५९००५८, ५९००५२	एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
		विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

रत्न सागर मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ५:०० बजे
बिहान पूजा आरती	: ८:०० बजे
भोगराज लाग्ने समय	: ११:३० बजे
निशुल्क अन्न क्षेत्र (दिउँसो)	: १२:०० बजे
मन्दिर बन्द हुने समय	: १२:०० बजे
खुल्ने समय (दिउँसो)	: ४००: बजे
रात्री आरती पूजा हुने समय	: ९:३० बजे
रात्री मन्दिर बन्द हुने समय	: १०:०० बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरतीःसाँझ	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

मधेस प्रदेश नीति तथा योजना आयोगका नवनियुक्त उपाध्यक्ष डा सोहनप्रसाद साहलाई टोलबासीले सम्मान गर्दै। नवनियुक्त उपाध्यक्ष डा साह जनकपुरधाम उपमहानगरपालिका- १ मिल्स एरियाका स्थायी बासिन्दा हुनुहुन्छ। *तस्बिरः रासस*

भोजपुरीमा समाचार सम्प्रेषण गर्ने वीरगञ्ज महानगरको घोषणा

वीरगंज महानगरपालिका

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा राष्ट्रिय समाचार समिति (रासस)सँग समन्वय गरेर भोजपुरी भाषामा समाचार 'बुलेटिन' प्रकाशन गर्ने घोषणा गरेको छ।

वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले शनिबार भएको १५औँ नगरसभामा आगामी आवको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै राष्ट्रिय समाचार समितिबाट भोजपुरी भाषामा पनि समाचार बुलेटिन प्रकाशन एवं प्रसारण गरिने बताउनुभयो। "भोजपुरी समाचार प्रकाशनलाई प्राथमिकतामा राखेर त्यसलाई नीति तथा कार्यक्रममा नै समावेश गरिएको छ," उहाँले भन्नुभयो।

महानगरले आगामी आवको नीति तथा कार्यक्रममा आजीवन पत्रकारिता गरेका अग्रज पत्रकारलाई निवृत्तिभरणको व्यवस्था गर्ने घोषणा गरेको छ। "सञ्चारगृह र पत्रकारहरुलाई विपत्का बेला आवश्यक सहयोग उपलब्ध गराउन विपत् राहत कोषको स्थापना गरिनेछ", नगरप्रमुख सिंहले भन्नुभयो, "महानगरमा दर्ता तथा सञ्चालनमा रहेका सञ्चारमाध्यमका लागि समानुपातिक ढङ्गले वितरण हुने लोककल्याणकारी विज्ञापनको व्यवस्थालाई निरन्तरता दिइनेछ।" महानगरले नेपाल पत्रकार महासङ्घ, पर्साको संस्थागत विकासका लागि पनि सहयोग गर्ने जनाएको छ।रासस

माछाले धनुषालाई चिनाउने बौएलालको निधन

टुडे समाचारदाता

जनकपुरधाम । नेपालमा धनुषाकोमाछालाईव्यवसायिकरण गरी विशिष्ट पहिचान दिलाउने वौएलाल मुखियाको शनिबार अपरान्ह निधन भएको छ।

संस्थागत रुपमा माछा पालन गर्ने अगुवा किसान मुखियाको शहिदनगर नगरपालिकाको वडा नम्बर ५ ननुपट्टीस्थित आफ्नै पैतृक घरमा साढे ३ बजे ७२ वर्षको उमेरमा निधन भएको छ।

माछा पोखरीमा विष हालेर माछा मारिने दिन आतंक रहेको बेला बौएलाल मुखियाले ननुपट्टीमा माछाको भुर्रा र खाने माछा उत्पादन गर्ने फर्म बनाएका थिए।

माछाका सौखिनहरुलाई पाँच किलो भन्दा बढी तौलको माछा बेच्ने मुखियाको कारण जनकपुरधामको माछा व्यवसायिक रुपमा देशैभरी स्थापित भएको छ।

उनी जातिगत रुपमा माछाका जानकार रहेको र आधुनिक रुपमा माछा पालन र भुर्रा उत्पादनबारे प्रशिक्षणहरु लिएका मुखियाले जनकपुरधामको माछाको 'ब्राण्डींग' का लागि ठूलो योगदान गरेका हुन्।

दुई दशक अघि सम्म माछा उत्पादक र बिक्रेताको पर्याय नै बौएलाल थिए। उनको पोखरीका माछा अत्यन्त स्वादिष्ट र बढी तौल भएको हुन्छ।

मुखियाको दुई छोरा र एक छोरी छन्। जेठा छोरा कन्हैया मुखिया र कान्छा छोरा रमेश मुखिया छन्। एकमात्र छोरी अनिता मुखिया यादव छिन्।

मुखियाको हिन्दू संस्कार अनुसार ननुअन्त्येष्टि गरिने उनका ज्वाई जितेन्द्र यादवले जनाएका छन्।

जब सभामुख घिमिरेसँग विद्यार्थीले संसदीय मर्यादाको कुरा गरे...

काठमाण्डु । "सम्माननीय सभामुखज्यू, संसद्मा माइक तोडफोडलगायत असंसदीय गतिविधि गर्ने, संसद् बैठकमा पूरा समय नबस्ने सांसदलाई कारबाही हुँदैन, शिक्षा विधेयक संसद्बाट कहिले पारित हुन्छ ?", शनिबार यस्तै प्रश्नबाट घेरिनुभयो प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे। भक्तपुरको दुवाकोटस्थित गोल्डेन सुनगाभा इङ्लिस बोर्डिङ स्कुलले आयोजना गरेको 'गोल्डेन सुनगाभा संसद् अधिवेशन'मा सहभागी यहाँका विद्यार्थीहरूले



एकै स्वरमा उहाँलाई फेरि प्रश्न गरे, "कानुन बनाउने थलोमा अमर्यादित क्रियाकलाप किन हुन्छन्, अत्यावश्यक कानुन पनि समयमै किन बन्दैनन् ?"

जवाफमा सभामुख घिमिरेले भन्नुभयो, "संसद्मा अमर्यादित गतिविधि र तोडफोड नगन्य रूपमा मात्रै हुन्छन्।"

यति जवाफले विद्यार्थीको चित्त नबुझेको भेउ पाएपछि थप प्रष्ट पार्दै उहाँले प्रतिनिधिसभा नियमावलीले संसदीय मर्यादा कायम गराउन आवश्यक प्रबन्ध गरेकाले त्यसमा सांसदहरु प्रतिबद्ध हुनुपर्ने बताउनुभयो। "संसद् भवनभित्र सांसदबाट यस्ता गतिविधि भएमा सचेत गराउने, रेकर्डबाट हटाउने, माफी मगाउने, चेतावनी दिने, अटेर गरेर पटकपटक अमर्यादित गतिविधि भए तीन दिनदेखि तीन महिनासम्म सभाबाट निष्काशन गर्ने र जे पनि गर्न खोजे फौजदारी मुद्दा लगाउन सक्ने व्यवस्था नियमावलीमा छ। यसको पालना गर्न आवश्यक छ", सभामुख घिमिरेले भन्नुभयो।

यसैगरी शिक्षा विधेयकबारे विद्यार्थीले सोधको जिज्ञासामा उहाँले विधेयक चाँडै पारित गराउन आफूले समन्वय गरिरहेको बताउनुभयो। सभामुख घिमिरेले भन्नुभयो, "शिक्षा विधेयक संसद्मा टेबुल भएर त्यसमाथि छलफल पनि भएको छ, यसलाई थप छलफलका लागि संसद्को शिक्षा समितिमा समेत पठाइएको छ। विधेयक पारित गराउन मैले समन्वय त गरिरहेको छु तर यो बर्खे अधिवेशनमा पास हुने सम्भावना छैन, हिउँदे अधिवेशनमा पक्कै पारित हुने अपेक्षा गरेका छौँ।"

यो प्रसङ्गलगत्तै फेरि विद्यार्थीले सोधे, "कक्षा १२ को अध्ययन सकिनेबित्तिकै विदेशिने क्रम रोक्न के व्यवस्था गर्न सकिन्छ होला ?" जवाफमा सभामुख घिमिरेले देशमा बढ्दो बेरोजगार समस्या चुनौतीका रूपमा रहे पनि राज्यले यही केही गर्न सक्ने वातावरण सृजना र सर्बसुलभ तथा गुणस्तरीय शिक्षाका लागि काम गर्नुपर्नेमा जोड दिनुभयो। "राज्यले यही देशमा केही गर्ने व्यवस्था गर्नुपर्छ र विद्यार्थीले पनि देशको अर्थतन्त्र बलियो बनाउन आफ्नै देशमा केही गर्छु भन्ने भावनाको विकास गर्न आवश्यक छ। मेरो देश मेरो जिम्मेवारी हो भन्ने ठानेर यही काम गर्ने र विदेशिएकाले पनि उताबाट पढाइ सकेर आफ्नै देशमा केही गर्छु भनेर फर्कनुपर्छ", उहाँले भन्नुभयो।

सभामुख घिमिरेले विसं २०७५ सालमा बालअधिकारसम्बन्धी कानुन पास भएको चर्चा गर्दै बाल अधिकारलाई तीन तहकै सरकारले कार्यान्वयनमा ल्याइसकेको पनि जानकारी गराउनुभएको थियो।

विद्यार्थीले सामाजिक शिक्षाअन्तर्गत आज सञ्चालन संसद्को अभ्यास गेरका थिए। सत्ता पक्ष र प्रतिपक्षको भूमिकामा रहेका विद्यार्थीले सभामुख घिमिरेलाई विभिन्न प्रश्न गेरका थिए।

सभामा कक्षा १० की छात्रा सुस्मिता शाहीले सभामुख, कक्षा ६ की संस्कृति थापाले प्रधानमन्त्री र कक्षा ७ का रिसभचन्द्र गौतमले शिक्षामन्त्रीको भूमिका निर्वाह गर्नुभएको थियो। रासस

शान्ति प्रक्रियामा योगदान बिर्सन नसकिने : परराष्ट्रमन्त्री

काठमाण्डु । उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले शान्ति प्रक्रियामा दमननाथ ढुङ्गाना र पद्मरत्न तुलाधरको योगदान बिर्सन नसकिने बताउनुभएको छ।

पद्मरत्न लुमन्ति गुथिद्वारा शनिबार आयोजित 'स्मृतिमा पद्मरत्न तुलाधर' पुस्तक विमोचन तथा व्यक्तित्व सम्मान कार्यक्रममा उपप्रधानमन्त्री श्रेष्ठले भाषिक, साहित्यिक आन्दोलनमा मात्रै नभएर नेपाली राजनीतिको निरंकुशताविरुद्धको आन्दोलनमा पनि तुलाधरको योगदान महत्त्वपूर्ण रहेको बताउनुभयो।नेवा समुदायका अग्रज, मानवअधिकारवादी व्यक्तित्व, नेपालभाषा मङ्का खलका पूर्वअध्यक्ष तुलाधरको व्यक्तित्व समेटेर उक्त पुस्तक प्रकाशित गरिएको हो।

"तुलाधरको बहुआयामिक व्यक्तित्व र प्रतिभाबाट धेरै कुरा सिक्न सकिन्छ, नेपाली समाजमा लोकतान्त्रिक उपलब्धि हासिल गर्न तुलाधरले गर्नुभएको योगदान अतुलनीय छ। उहाँ साहित्यकार, सिद्धहस्त पत्रकार, लेखक तथा जनप्रतिनिधिसमेत हुनुहुन्थ्यो। उहाँको योगदानलाई सम्मान गर्दै उहाँले देख्नुभएका सपना साकार पार्न सबै एकजुट भएर लाग्नुपर्छ", उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "लोकतान्त्रिक आन्दोलनको योद्धाका रुपमा समन्वयकारी भूमिका खेल्ने र सहकार्यको सूत्राधार गर्ने व्यक्तित्व तुलाधर हुनुहुन्थ्यो।"

उपप्रधानमन्त्री श्रेष्ठले पद्मरत्नसँग आफ्नो भावनात्मक सम्बन्ध रहेको स्मरण गर्दै यस्ता सुयोग्य पात्रको सम्झनामा पुस्तक प्रकाशन गरेर उत्कृष्ट कार्य गरिएको बताउनुभयो। पुस्तकले एउटा यतिहासलाई जीवन्त बनाइराख्नुका साथै उहाँहरुको महत्वपूर्ण योगदानको स्मरण सदैव भइरहेको उहाँको भनाइ छ।

"पद्मरत्न र दमननाथ संविधानसभाको प्रवक्ता हुनुहुन्थ्यो, उहाँहरुकै कारण आज यो व्यवस्थाका लागि सहज भएको छ, अब प्राप्त उपलब्धिलाई माध्यम र साधन बनाएर समृद्धि हासिल गर्न सकेमा समृद्ध मुलुक निर्माण हुनेछ। उहाँहरुले नेपाली समाजको परिवर्तनका लागि दिनुभएको योगदान महत्वपूर्ण छ", उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो। ढुङ्गाना र तुलाधरले



शान्ति प्रक्रियामा पुऱ्याउनुभएको योगदान बिर्सन नसकिने भन्दै उहाँले सङ्क्रमणकालीन न्याय यथाशीघ्र पूरा गरिने बताउनुभयो।

कार्यक्रममा पद्मरत्न तुलाधरसँग सहकार्य, भाषा साहित्यको योगदानमा लाग्ने, राजनीतिक मानवअधिकार आन्दोलनमा काम गर्ने सहकर्मी पूर्वसभामुख दमननाथ ढुङ्गाना, पूर्वराजदूत एवं पूर्वसांसद हिरण्यलाल श्रेष्ठ, भाषिक आन्दोलनका अग्रजद्वय वीरसिंह कंसाकार र नर्मदेश्वर प्रधानलाई सम्मान गरिएको थियो।

पूर्वसभामुख ढुङ्गानाले तुलाधरको अभावमा शान्ति प्रक्रियासँग सम्बन्धित काम पूरा हुन नसकेको बताउँदै उहाँ भएको भए हालसम्म सङ्क्रमणकालीन न्याय टुङ्गोमा पुगिसक्ने थियो होला भन्नुभयो। "अब देशको राजनीतिलाई धेरै जिम्मेवारीपूर्ण बनाउनुपर्नेछ, नेपाललाई उन्नत राष्ट्र बनाउने नीतिअनुसार छिमेकीप्रतिको नीति र विश्वप्रतिको नीति हुनु आवश्यक छ। अहिलेका नेताहरुले नैतिक धरातलमा उभिएर राष्ट्र र जनताका पक्षमा काम गर्नुपर्छ। उहाँ(तुलाधर)सँग नैतिक धरालत थियो, उहाँको जीवनीबाट सबैले नैतिकताको पाठ सिक्नुपर्छ", उहाँले भन्नुभयो।

पूर्वराजदूत तथा पूर्वसांसद श्रेष्ठले तुलाधरसँग भाषा र पत्रकारिताको माध्यमबाट पहिलो सम्बन्ध बनेको स्मरण गर्दै तुलाधर एउटा जात वा समुदायको मात्रै नेता नभएको बताउनुभयो। "उहाँ नेपाली भाषाको पनि सम्पादक हुनुहुन्थ्यो। उहाँ राजनीतिक व्यक्तित्व मात्रै हैन देशभक्त पनि हुनुहुन्थ्यो, उहाँले साहित्य र शान्ति प्रक्रियामा विशेष योगदान पुऱ्याउनुभएको छ", उहाँले भन्नुभयो।

ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले तुलाधरको योगदानलाई जीवन्त राख्न गुठीले गर्ने हरेक कार्यक्रममा महानगरका तर्फबाट सहयोग गर्न तत्पर रहेको बताउनुभयो।रासस

राजर्षिजनक विश्वविद्यालय

उपकुलपतिको कार्यालय

जनकपुरधाम, धनुषा

सूचना

प्रकाशन मितिः २०८१/०३/०८

राजर्षिजनक विश्वविद्यालय अन्तर्गत संचालित शैक्षिक कार्यक्रमहरु (BBA, MBA, BCA, BSc. CSIT, BALLB, BPH / BSc. MLT) उपयुक्त ठहरिएको क्याम्पसलाई तोकिए वमोजिम सम्बन्धन प्रदान गर्ने प्रावधान अनुसार निजी, सार्वजनिक, सहकारी र अन्य प्रकारको साझेदारी तथा वैदेशिक लगानीमा संचालित क्याम्पसलाई सम्बन्धन लिनकालागि राजर्षिजनक विश्वीविद्यालय कार्यकारी परिषद्द्वारा स्वीकृत "सम्बन्धन सम्बन्धि कार्यविधि २०८१" अनुसार मिति २०८१/०३/०९ देखि २०८१/०३/२३ सम्म आवेदन आह्वान गरिएको छ। "सम्बन्धन सम्बन्धि कार्यविधि २०८१" विश्वविद्यालयको website: www.rju.edu.np बाट डाउनलोड गर्न सकिनेछ। अन्य विस्तृत जानकारीका लागि विश्वविद्यालयमा सम्पर्क गर्न सकिनेछ।

सम्पर्क : info@rju.edu.np, +9779851274033

उपकुलपति

समझदारीअनुरूप नै सत्तासमीकरण निरन्तर रहन्छ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सत्तारूढ दलहरूबीच भएको समझदारीअनुरूप नै वर्तमान सत्तासमीकरण निरन्तर रहने बताउनुभएको छ।

तामाङ राष्ट्रिय मुक्तिमोर्चाको सातौँ राष्ट्रिय महाधिवेशनलाई आज यहाँ सम्बोधन गर्दै प्रधानमन्त्रीले वर्तमान सत्तासमीकरणमा कुनै समस्या र असमझदारी नरहेको स्पष्ट पार्दै समझदारीअनुरूप नै सत्तासमीकरणले निरन्तरता पाउने बताउनुभएको हो।

प्रधानमन्त्रीले भन्नुभयो, "आजभोलि बजारमा सरकार के हुन्छ, सत्तासमीकरण के हुन्छ भन्ने किसिमको प्रश्न उठाउन खोजिएको छ। यस्तो प्रचार र आशङ्का म प्रधानमन्त्री भएको दिनदेखि नै थियो। तर कुनै समस्या छैन। अहिले पनि सरकार के हुन्छ भन्ने जिज्ञासा र भ्रम पनि देख्छु। तर केही हुँदैन। हामी समझदारीका साथ नै अगाडि बढेका छौँ। समझदारीका साथ नै अगाडि बढ्छौँ। सत्तासमीकरणमा कुनै समस्या छैन र हुँदैन।"

प्रधानमन्त्रीले मुलुकका जाति, जनजातिले गरेको त्याग र सकारात्मक योगदानका कारण देशमा ठूलो राजनीतिक परिवर्तन सम्भव भएको बताउनुभयो। उहाँले भन्नुभयो, "विभिन्न जाति, जनजातिहरूको योगदान नभएको भए आजको राजनीतिक परिवर्तन सम्भव थिएन। उत्पीडित वर्ग, जाति, क्षेत्र र लिङ्गका विषय हाम्रा हुन्। उत्पीडित वर्गले जति अधिकार पाएका छन्, त्यो माओवादीका कारण प्राप्त भएको हो।"

प्रधानमन्त्रीले जनयुद्ध कुनै पार्टी विशेषको नभएर आमनेपाली मुक्तिकामी जनताको सङ्घर्ष भएको स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "जनयुद्ध जनताको युद्ध थियो। लाखौँ जनताले आफ्नो मुक्तिका लागि सङ्घर्ष नगरेको भए आजको परिस्थिति आउँदैनथ्यो। आज हामी नितान्त भिन्न परिस्थितिमा छौँ। हामी परिवर्तनका उपलब्धि रक्षा गर्न र समाजवादको आधार तयार पार्न शान्तिपूर्ण राजनीतिक प्रतिस्पर्धासहितको समझदारीमा आएका हौँ। यही आधारमा टेकेर समाजवादको मार्ग तयार गर्छौं।

प्रधानमन्त्रीले चाँडै पार्टी केन्द्रीय समितिको बैठक गरेर विशेष महाधिवेशनको मिति निर्धारण हुने बताउँदै पार्टीका सबै नेताकार्यकर्ताले फुर्सद नपाउनेगरी अभियान सञ्चालन गरिने जानकारी दिनुभएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ।रासस

आयो करे यात्रा मंगलमय चारो धाम की
यहि मिति २०८१/३/२१ गते शुक्रवार ५ तारिखका दिन २×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि हैं।
विशेष यात्रा सेवा। शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरुक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्गरा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस।
टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगाा हर यात्री अपना नागरिकता अवस्य रखे।
प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम–१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

वन्यजन्तुको सुरक्षा आवश्यक

नेपालमा वन विनास तीव्र गतिमा भइरहेको छ । वन विनासको बढ्दो क्रमसँगै वनजन्तु पनि लोप हुन थालेका छन् । नेपालको जंगलमा पाइने कयौं वनजन्तु लोप भइसकेका छन् । भएका वनजन्तुको संरक्षणका लागि आरक्ष केन्द्रहरु स्थापना गरिएको छ । नेपाली सेना, वन रक्षक, आरक्ष केन्द्रका सुरक्षाकर्मीहरुले संयुक्त रुपमा वनजन्तुको संरक्षणमा खटिरहेका छन् । तर अझैपनि हरेक वर्ष दुर्लभ मानिएका एकसिंगे गैंडा, बाघलगायतका जनावर मार्ने क्रम रोकिएको छैन । वन क्षेत्रमा चोरी शिकारी गर्नेहरुले प्रवेश गरी दुर्लभ जीवजन्तुहरुको शिकार गरेको पाइन्छ । हरेक वर्ष गैंडा, बाघलगायतका जनावर हरुको हत्या गरिन्छ । हात्तीलाई पनि मारेर शिकारीहरुले त्यसको विभिन्न अंगहरुको तस्करी गर्छन् । जीवजन्तुको धेरै अंग अत्यन्त महत्वपूर्ण र महँगो हुने गरेको छ । नेपालीले खरिद गर्ने भन्दा विदेशीहरुले जनावरहरुको अंग महँगोमा किन्ने गरेका छन् । जनावरहरुको अंग तस्करी नेपालबाट हुने गरेको सबैले बुझेको विषय हो । राज्यले वनजन्तुको सुरक्षाका लागि लगानी पनि गरिरहेको छ । तर पनि वन क्षेत्रको सुरक्षा सहज छैन । तारवारले घेरिएको, नियमित रुपमा सुरक्षाकर्मीहरुले गस्ती गरिरहे पनि वन क्षेत्रमा शिकारीहरु अवैध रुपमा प्रवेश गरेर जनावरको हत्या गर्छन् । जनावरको हत्या गर्नु कानुन मात्र होइन्, सामाजिक र प्राकृतिक अपराध पनि हो । पछिल्लो पटक पर्सा वनजन्तु आरक्ष निकुञ्जमा सेना र शिकारीहरुबीच भएको गोली हानाहानमा एकजना शिकारीको ज्यान गएको छ । सेनाले शिकारीहरुलाई आत्मसमर्पण गर्न चेतावनी दिएपछि शिकारीहरुले फायर नै खोलेको बताइन्छ । यसले वनक्षेत्रमा चोरी शिकारी गर्नेहरु हातहतियारले सुसज्जित र निर्भिक रहेको देखिन्छ । उनीहरु सेनासित भिड्नु ठूलो दुस्हास गर्नु हो । मारिएका शिकारीको साथबाट बन्दुक र बन्दोबस्तीका विभिन्न सामग्रीहरु फेला परेको छ । वन क्षेत्रमा हुने गरेको चोरी शिकारीलाई नियन्त्रण गर्न अझ प्रभावकारी उपायहरु अवलम्बन गर्न आवश्यक छ । वन क्षेत्र ठूलो हुने भएकाले शिकारीहरु भित्र छिर्न धेरै कठिन हुँदैन । वनमा प्रवेश गरिसकेपछि उनीहरुले अति महत्वपूर्ण मानिएका जनावरहरुको हत्या गर्छन् । जंगलमै जनावरको विभिन्न अंगहरु झिकेर लग्छन् । जनावर मारिएको वनजन्तु निकुञ्जका कर्मचारी अथवा सुरक्षाकर्मीहरुले धेरै पछि मात्र थाहा पाउँछन् । कतिपय बेला चाँडै थाहा पाए पनि कतिपय बेला थाहा नै पाउँदैनन् । वन क्षेत्रमा राडारहरु जडान गरी निगरानी बढाउनु पर्छ । त्यस अतिरिक्त पनि कयौं विद्युतीय उपकरणहरु जडान गर्न सकिन्छ । तर वन र वनजन्तुको सुरक्षा गर्न आवश्यक छ ।

श्रीसप्तेश्वर नाथ महादेव मन्दिर एवं सप्त ऋृषि आश्रम धार्मिक आश्थाको केन्द्र

प्रफुल्ल घिमिरे

मिथिला क्षेत्रका राजधानी मिथिला पुरिमा अनेकौं पौराणिक तिर्थस्थलहरु रहेका छ्न। ती पौराणिक तिर्थस्थलहरु मध्येका सनातन धर्मावलम्बीहरुका धार्मिक आस्थासँग जोडिएको एउटा पवित्र स्वच्छ तिर्थस्थल सप्त ऋृषि आश्रम एवं सप्तेश्वर नाथ महादेव मन्दिर पनि हो।

एतिहासिक, पौराणिक, पुरातात्तिवक, धार्मिक एवं सांस्कृतिक महत्त्व बोकेको श्रीसप्तेश्वर नाथ महादेवजिको मन्दिर र सप्त ऋृषि आश्रम वर्तमान समयमा धनुषा जिल्ला सबैला नगर पालिक वडा नम्बर ९ कुशमाहामा अवस्थित रहेको छ । यो पौराणिक मिथिला पुरी दुर्गको सिमा क्षेत्र भित्र नै पर्दछ।

पौराणिक मिथिला देश र मिथिला पूरिको सिमा सन्दर्भमा महर्षी पराशरले ऋृषि मैत्रेयलाई भन्दछन - " कौशिकि बाट आरम्भ भएर गण्डकी पर्यन्त २४ योजन यो पावन देशको बिस्तार छ र गंगाको प्रवाह बाट प्रारम्भ भइ हिमालय सम्म १६ योजन देशको बिस्तार रहेको छ। यसै देशको मध्यमा लोक विख्यात मिथिलापुरी छ ।

मिथिला पुरी (दुर्ग) पुर्वमा हरियर नाथको मन्दिर बाट प्रारम्भ भएर पश्चिममा जलेश्वर नाथ निश्चित सिमा छ। दक्षिणमा श्री गिरिजा स्थान बाट प्रारम्भ भएर उत्तरमा जहाँ धनुष छ यो दुर्गको मर्यादा हो। यहि नै महापूरी श्री मिथिला जि हो " यी कुरा मिथिला महात्मयको अष्टमोऽध्यायमा उल्लेख रहेको छ।

यहि मिथिला पूरी दुर्गको उत्तरी सीमा धनुष रहेको क्षेत्र धनुषा धामबाट आठ किलोमीटर पुर्व दक्षिण सतोषरमा सप्त ऋृषि आश्रम एवं सप्तेश्वर नाथ महादेव मन्दिर रहेका छन ।

यस तिर्थको दर्शन गर्नाले नै कोटियौं पापको नाश गर्दछ भन्ने धार्मिक शास्त्रले भन्दछ।

यहाँ पौराणिक कालमा सप्त ऋृषिहरु (कश्यप, अत्री, वशिष्ठ ,विश्वामित्र , भारद्वाज, जम्न्दगिनी र गौतम) का आश्रम रहेका थिए। ऋृषीमूनिहरुका तपोभूमी रहेको यस स्थलमा यज्ञवल्कय ऋृषिले पनि तपस्या गरेका थिए । ऋृषिमुनिहरुका तप, ध्यान यज्ञ यज्ञादी प्रभुका आराधना गर्ने यस पवित्र स्वच तिर्थस्थल अति रमणीय सौन्दर्याताले भरिपुर्ण रहेको छ । यहाँका कण कणमा ऋृषि मूनिहरुका स्पर्श रहेको छन। यो स्वच्छ पवित्र तिर्थ हो ।

शास्त्रहरुमा भनिएको छ - "जुन जुन स्थानमा प्रभूका भक्तहरुले भगवानका आराधना गरेका छन त्यहिं पावन तिर्थ हुने गर्छ। ती स्थलको दर्शन गर्नाले दर्शनार्थी भक्तजनहरुलाई पूण्य प्राप्त हुन्छ" ।

परापुर्व काल सम्म बन जङ्गलले सुशोभित रहेको यस क्षेत्रमा अकास मण्डलमा देखिने सप्त ऋृषि ताराहरु झैं समान रुपमा सातवटा तलाउहरु रहेका थिए। त्यस मध्येका केही तलाउहरु हाल सम्म बिराजमान रहेका छन। यै तलाउहरुका किनारमा ऋृषि मूनिहरुका आश्रम रहेको धार्मिक मान्यता रहि आएको छ। भनिन्छ यी तलाउहरु सप्त ऋृषिहरुका नाउँले नै प्रख्यात रहेक थिए। तर समयचक्रले गर्दा पौराणिक नाउँहरु परिवर्तन भइ गाउँ घरको सम्बोधन गर्ने भाषामा नाउँ रुपान्तरण हुन पुगेको छ।

यी तलाउहरुलाई गाउँलेहरुले भरलवा पोखरी , सप्त पोखरी , लरही (मसानघाट) पोखरी , धोबियाही पोखरी , इमलिवाला पोखरी , मंलगवाला पोखरी ,र गरकाही पोखरी भनेर सम्बोधन गर्ने गरेका छन ।

सात वटा पोखरी मध्ये एउटा पोखरी चारनाथले भरिदिए पछि ब्यक्तिहरुले आ-आफ्नो नाउँमा रैतान नम्बरी गराएका कुरा गाउलेहरु बताउदछन् । केही समय पुर्व सम्म पोखरीका डिलहरुमा बोट बिरुवाहरु रहेको देखिएता पनि सो पनि ब्यक्तिको नाउमा गएको भन्दछन । यस मध्येका चारवटा पोखरी नगर पालिका मातहत रहेको छ भने एउटा मिल्स एरिया धर्म संस्था मातहत रहन पुगेको छ । सप्तेश्वर महादेव मन्दिरको पश्चिम पट्टी सप्त पोखरी रहेका छन। यसमा धर्मावलम्बीहरु स्नान गर्ने गर्छन् । यस पोखरिको पश्चिम् उत्तर तर्फ सप्तऋषि आश्रम रहेको छ। यस आश्रमको पश्चिम पट्टी अर्को तलाउ रहेको छ। यस तलाउको पुर्व दक्षिण देबिको मन्दिर रहेको छ भने यसका केहि दक्षिण तर्फ गए क्रमशः अरु तलाउहरुको दर्शन गर्न पाइन्छ । यहाँ विभिन्न चाड्पर्वहरुमा दर्शनार्थीहरुको ठूलै भिड हुने गर्दछ। सभ्य र भव्य रमणीय मेलाहरु लाग्ने गर्दछन।

यहाँ भदौ चतुरदर्शिका दिन ठुलै मेला लाग्ने गर्दछ। सो दिन धर्मावलम्बीहरु कमला र चारनाथ नदिको संगम स्थलवाट जल भरेर महादेवजिलाई चढाउने गर्छन् ।

प्रत्येक शिवरात्रीका दिन पनि यहाँ सप्तेश्वर नाथ महादेवलाई कमलाबाट जल ल्याएर चढाउनेहरुको घुइँचो नै हुने गर्छ । महा शिवरात्रीको त कुरै न गरौं मेलालाई व्यबस्थित गर्न स्व्यं सेवकहरुलाई धौ धौ पर्ने गर्दछ एक स्थानीयले सुनाउदछन । साउन महिना भरी नै बोलबमको नाराले यस स्थल गुज्याँमान हुने गर्दछ। सोमबारी व्रत बस्ने महिलाहरुको सोमबारका दिन असाध्यै नै भिड हुने गर्छ।

अर्को ठूलो मेला फागुन दशमी तिथिको लाग्ने गर्दछ। मध्यमा पन्द्र दिने परिक्रमाको मिथिला बिहारि र किशोरीजिको डोला यसै तिथिका दिन यहाँ विश्राम गर्दछन। श्रीमिथिला बिहारिको डोलालाई श्रीसप्तेश्वर नाथ महादेव मन्दिरको उत्तर तर्फ रहेको बगैंचामा अवस्थित विश्राम भवनमा बिराजमान गराइन्छ भने श्रीकिशोरिजिको डोलालाई मन्दिरको अगाडि रहेको तलाउको पश्चिम तर्फ रहेका डिलको छेउमा रहेको बगैचामा अवस्थित विश्राम भवनमा बिराजमान गराइन्छ । भोलिपल्ट यहाँ रहेका सप्तऋषिका पोखरीहरुमा स्नान पान गरि यहाँ बाट पाँच किलोमीटर पुर्वमा अवस्थित कमला नदिमा समेत स्नान पान गरेर महादेवजिको पुजापाठ गरेर फागुन एकादशिका दिन यहाँ बाट दक्षिण तर्फ औरहिका लागि परिक्रमा प्रस्थान गर्दछ।

यस्तो धार्मिक मुल्य मान्यता संगालेको सनातन धर्मावलम्बीहरुको पवित्र तिर्थस्थलका मन्दिर र तलाउहरु जिर्ण अवास्थावाट गुज्रिरहेको छ। यहाँ रहेका बगैंचाहरुका बोट बिरुवाहरु नष्ट गरिएका छन , अरु नष्ट हुने क्रममा छन । धार्मिक महत्व रहेका यहाँका एतिहासिक पौराणिक सम्पदाहरु अतिक्रमणको चपेटामा परदै गइरहेको छ। यसको संरक्षण प्रवर्द्धन गर्नसके धार्मिक पर्यटक केन्द्रको रुपमा बिस्तार हुन सक्थ्यो ।

यसको संरक्षण सम्बर्द्धन गर्ने सबैको साझा दाइत्व हो । धार्मिक आस्थाको केन्द्र प्राचीन यस धरोहरलाई संरक्षण सम्बर्द्धन गर्ने मार्गमा अगाडि बढन स्थानीय अगुवा , जनप्रतिनिधि, राजनीतिक दल तथा गाउँलेलाई प्रेरणा श्री सप्तेश्वर नाथ महादेवले प्रदान गरून्।

अन्तमाः यो सप्तेश्वर महादेव मन्दिर मिल्स एरिया धर्मसंस्थाको मातहत रहेको छ । यस मन्दिरको पुजा पाठ,भोग राग ,पुजारीको तलव भोजन ,पुजा सामग्री लगायतका ब्यबस्थापन धर्म संस्थाले गरिरहेको पुजारी श्री भोला झाले बताएका छन । अस्तुः

---

१२ वर्षकै उमेरमा शास्त्रार्थ गरी ऋषिमुनिहरूलाई हराउने अष्टावक्र

रमा दुलाल

हामीले भगवद्गीता सुन्दै र कतिपयले पढ्दै आएका पनि छौं तर अष्टावक्र गीता धेरैका लागि नौलो हुन सक्छ । अष्टावक्र गीता र भगवद्गीतामा केही भिन्नता छ । भगवद्गीता अर्जुनको मोहलाई भङ्ग गर्न केन्द्रित छ । कुरुक्षेत्रमा अर्जुनमा मोह जागेको थियो– इष्टमित्र, दाजुभाइ र गुरुजनसँग म कसरी र किन लडौं ? लड्दिनँ ।

त्यो मोह भङ्ग गर्न भगवद्गीताको जन्म भएको थियो । यसका जुनसुकै श्लोक पल्टाए पनि मोह भङ्ग हुने कुरा उल्लेख गरिएको हुन्छ । अष्टावक्र गीता बुझ्न धेरै कठिन छ । त्यसैले अष्टावक्र गीता जनप्रिय भएन, किनकि यसले सिधै सत्यको कुरा भन्छ । हामीले कृष्ण र अर्जुनको मन्दिर पाउन सक्छौं तर कतै पनि अष्टावक्रको मन्दिर पाउँदैनौं । अष्टावक्रले 'मन्दिर बनाउने मानिस नै परमात्मा हो, मन्दिर नै परमात्मा हो, मन्दिरमा पूजा गर्ने मानिस पनि परमात्मा हो' भनेका छन् । यस्तो मानिसको मन्दिर कसले बनाउने ?

रामकृष्ण परमहंशको बारेमा हामी धेरैले सुनेको हुनुपर्छ । नरेन्द्र नाम गरेका एक युवक एक दिन रामकृष्ण परमहंशकहाँ आएर प्रश्न गरे- ईश्वर कहाँ छ ? परमात्मा कहाँ छ ? मलाई प्रमाण दिनुस् ।

नरेन्द्रको बोल्ने ढङ्ग, जिज्ञासा व्यक्त गर्ने कला, प्रश्न गर्ने तरिका, शङ्का उठाउने तरिका देखेर परमहंश रामकृष्णले नरेन्द्रलाई चिने । रामकृष्णलाई थाहा थियो– ईश्वर हुनुको कुनै प्रमाण दिन सकिँदैन । ईश्वरको अस्तित्वको कुनै प्रमाण हुँदैन तर मैले जवाफ दिइनँ भने यो युवक यहाँबाट जान्छ र अर्को सम्प्रदाय खडा गर्छ ।परमहंस रामकृष्णले ती युवकलाई भने– म बुढो भएँ, आँखा देख्दिनँ, पढ्न सक्दिनँ । तिमी यो किताब पढेर मलाई सुनाऊ म सुन्छु ।

उनले 'अष्टावक्र गीता' ती युवकलाई दिए । जब नरेन्द्रले अष्टावक्र गीताका २० प्रकरण पढेर सिध्याए । नरेन्द्रको भावभङ्गीलाई नियालेर रामकृष्णले भने– तिमीमा विवेक र आनन्द भरिएको छ । आजदेखि तिमी नरेन्द्र होइनौ, विवेकानन्द भयौ । नरेन्द्र अर्थात् विवेकानन्दका सबै प्रश्न तिरोहित भए ।

पहिलो जुन किताब पढेर नरेन्द्रलाई 'विवेक' र 'आनन्द' प्रकट भएको थियो– त्यो थियो– अष्टावक्र गीता । यसैले रामकृष्णले उनको नाम विवेकानन्द राखिदिए, जुन नामबाट उनी विश्वभरि प्रख्यात भए । यसैले यो किताबको मननबाट विवेक मात्र होइन, आनन्द पनि प्रकट हुन्छ ।

म यहाँ बन्दीसँग शास्त्रार्थ गरेर उनलाई हराउन आएको छु । बाहिर राखेका गाईहरू जति छन्, ती सबै मेरो घर उत्तालक ऋषिकहाँ पठाइदिनुस् । शास्त्रार्थ सुरु हुनुअघि नै अष्टावक्रले गाईहरू आफ्नो घरमा लैजान भनेका थिए ।

अष्टावक्र को हुन् ?

अष्टावक्र को थिए, अष्टावक्र गीताको जन्म कसरी भयो ? त्यतातिर जाउँ ।

जसरी महाभारतमा भीष्म पर्वभित्र भगवद्गीताको उल्लेख छ, त्यसरी नै महाभारतमा वनपर्वभित्र अष्टावक्र गीताका बारेमा उल्लेख गरिएको छ । जब पाण्डव अज्ञात वासको समयमा थिए, अर्जुनलाई त लुक्ने ठाउँ मिलेको थियो तर बाँकी चार भाइलाई थिएन । यसैले उनीहरू वनमा भड्किरहेका थिए । त्यही बेला ती चारजनाले लोमेश नामका मुनिलाई भेटे ।

उनीहरूले लोमेश मुनिलाई भने– यहाँ आउनेबित्तिकै हामीलाई अचम्मको अनुभूति भयो । यो कसको आश्रम हो ? तपाईं यहाँ के गरिरहनुभएको छ ? लोमेश मुनिले भने– यो आश्रम उत्तालक नामका ऋषिको थियो, जो हजारौं वर्ष पहिले यहाँ बस्थे । उनको पालामा दुईजना आत्मज्ञानी महापुरुष भए– अष्टावक्र र श्वेतकेतु ।

पाण्डवलाई जिज्ञासा जाग्यो, श्वेतकेतु र अष्टावक्र को हुन् ?लोमेश मुनि भने– उत्तालक ऋषिका दुई सन्तान थिए– छोरा श्वेतकेतु र छोरी सुजाता । सुजाता २० वर्षकी हुँदा श्वेतकेतु दुई वर्षका मात्र थिए । उनकै आश्रममा एकजना युवा पण्डित बस्थे । उनको नाम थियो– कहोड ।

उनी उत्तालक ऋषिका शिष्य पनि थिए । आफ्नो सम्पूर्ण जीवन उनले उत्तालक ऋषिलाई समर्पित गरेका थिए । उनी शास्त्रमा पारङ्गत थिए । उनी पण्डित त थिए, तर आत्मज्ञानी थिएनन् । उनको सेवाबाट प्रभावित भएर उत्तालक ऋषिले आफ्नी छोरी सुजाताको विवाह कहोडसँग गरिदिए । कहोड दिनरात शास्त्रका श्लोक कण्ठ गर्नमा लाग्थे । केही समयपछि सुजातालाई गर्भधारण भयो । गर्भमा पुत्र आयो, त्यही पुत्र अष्टावक्र थिए ।

रातदिन शास्त्र पढ्दापढ्दा उनी धेरै थाकेका थिए । त्यही बेला पण्डितहरूको संवाद चलिरहेको थियो । उनले उक्त संवादमा एकपल्ट वा दुईपल्ट होइन, आठपल्ट उल्टो-सुल्टो बोले । त्यो कुरा पेटभित्रका बच्चाले सुनिरहेका थिए । पेटभित्रैबाट ती बालकले भने– पिताजी ! तपाईंले आफूलाई उच्च देखाउन एकपल्ट मात्र होइन, आठपल्ट शास्त्रको सूत्रलाई गलत व्याख्या गर्नुभएको छ । कृपया सच्याउनुस् ।

पेटभित्रको बालकले यति बोलेपछि पण्डितको पण्डित्याइँमा ठेस लाग्नु स्वाभाविकै हो । पण्डित कहोडलाई धेरै नै आघात पुग्यो, अनि उनले त्यो बच्चालाई भने, 'तैँले मलाई सिकाउने ? म तँलाई श्राप दिन्छु– जब तेरो जन्म हुनेछ, त आठ ठाउँमा वक्र भएको (बाङ्गिएको) हुनेछस् ।'

नभन्दै जन्मदा उनी आठ ठाउँमा वक्र भएका थिए, उनको नाम पनि अष्टावक्र रहन गयो । पण्डित कहोडको घरको हालत नाजुक थियो । उनीहरू उत्तालक ऋषिकहाँ बसिराखेका थिए । त्यही बेला सुजाताले भनिन्– हाम्रो घरको हालत दयनीय छ । जनक राजाको दरबारमा केही ऋषि आएका छन् । शास्त्रार्थ चलिरहेको छ, त्यहाँ जानुस् । त्यहाँ गाईको सिङमा हिरामोती राखिएको छ । तपाईंले शास्त्रमा जित्नुभयो भने, त्यो हाम्रो हुन्छ । हाम्रो आर्थिक अवस्था सुध्रिन्छ ।

कहोड राजा जनकको दरबारमा शास्त्रार्थ गर्न गए । त्यो बेला बन्दी नामका ऋषिले मिथिला देशमा सबै पण्डितलाई शास्त्रार्थका लागि ललकारी राखेका थिए– शास्त्रार्थमा मलाई कसैले जित्यो भने यो हिरामोतीले ढाकिएको गाई पाउँछ, हार्‍यो भने जल समाधि अर्थात् आत्महत्या गर्नुपर्नेछ ।

त्यो बेला शास्त्रार्थ गर्दा यस्तो सर्त राख्नुलाई उपयुक्त मानिन्थ्यो । किनकि धर्मको चर्चा गर्दा हार्ने व्यक्ति बाँच्यो भने उसले समाजलाई नकारात्मक असर दिन सक्थ्यो, यसैले ऊ मर्नुपर्थ्यो । पण्डित कहोड राजाको दरबारमा गएपछि दिनभरि शास्त्रार्थ चल्यो, अन्ततः उनी हारे । सर्त अनुसार उनले जल समाधि लिनुपर्थ्यो । यो कुरा उत्तालक ऋषि कहाँ पुग्यो । पत्नी सुजाताले पनि थाहा पाइन् । उत्तालक ऋषिले निर्णय गरे– सुजाताको कोखबाट जन्मने बच्चालाई उसको बुबा शास्त्रार्थमा हारेर मरिसकेको छ भनेर थाहा दिनु हुँदैन । जब ऊ जन्मिन्छ, अनि उसलाई उत्तालक ऋषि नै बुवा हो भनेर भन्नुपर्छ । श्वेतकेतुको भाइ भनेर भन्नुपर्छ ।

श्वेतकेतु र अष्टावक्र उत्तालक ऋषिको हेरचाहमा हुर्कन्छन् । यी दुवै मामाभाञ्जाले उत्तालक ऋषिबाट जति पनि शास्त्र सिक्थे, सिकेर आएपछि आफ्नो अनुभवको धारा बगाउँथे । यसैले लोमेशमुनिले भनेका थिए, यी दुईजना नै आत्मज्ञानी थिए ।

१२ वर्ष पुगेका अष्टावक्र मामा श्वेतकेतुसँग खेलिरहेका थिए । खेल्दाखेल्दै अष्टावक्र उत्तालकको काखमा गएर बसे । श्वेतकेतु बस्न पाएनन्, अनि श्वेतकेतुले अष्टावक्रलाई भने– उहाँ तिम्रो पिताजी होइन, हजुरबुवा हो । उहाँ त मेरो पिताजी हो । तिम्रो पिताजी त राजाको दरबारमा शास्त्रार्थ गर्न जाँदा हारेर जल समाधि लिइसक्नुभएको छ । यो सुन्नेबित्तिकै अष्टावक्रको मनमा थुप्रै प्रश्न आए । दौडँदै गएर उनले आमा सुजातासँग सोधे– मेरो पिताजी को हो ? मलाई भन्नुस् । सुजातालाई लाग्यो– ठिक समय आएको छ । अब यसलाई मैले सबै कुरा भन्नुपर्छ । अनि उनले सबै वृत्तान्त पुत्रलाई बताइन् ।

यो सुन्नेबित्तिकै अष्टावक्र दौडिँदै मिथिला नगरीमा पुगे । उनले ढोकाबाटै भने– म यहाँ बन्दीसँग शास्त्रार्थ गरेर उनलाई हराउन आएको छु । बाहिर राखेका गाईहरू जति छन्, ती सबै मेरो घर उत्तालक ऋषिकहाँ पठाइदिनुस् । शास्त्रार्थ सुरु हुनुअघि नै अष्टावक्रले गाईहरू आफ्नो घरमा लैजान भनेका थिए ।

आठ ठाउँमा बाँगिएको शरीर भएका १२ वर्षका केटोको हाँक सुनेर राजा जनकको सभा हाँसोले गुञ्जियो । राज्यसभामा सबैजना हाँसेको देखेर अष्टावक्र पनि ढोकाबाटै जोडले हाँस्न थाले । अष्टावक्र हाँसेको देखेर राज्यसभा स्तब्ध भयो । उनको हाँसोको अर्थ बेग्लै हुन्छ ।

'हामी त तिम्रो काया देखेर हाँसेका थियौं, तर तिमी किन हाँस्यौ ?' राजा जनकले सोधे । अष्टावक्रले हाँस्दै भने, 'म त यहाँ शास्त्रार्थ गर्न विद्वानको सभामा आएको थिएँ, तर यहाँ मैले आफूलाई सिनो उठाउनेहरुको सभामा पाएँ । यस्तो सभामा धर्मको कुरा हुन्छ र ? धर्मको निर्णय हुन्छ र ? मोक्षको निर्णय हुन्छ र ? आत्माको कुरा हुन्छ र ? यसैले म हाँसेको हुँ ।' उनले यति के भनेका थिए, राज्यसभामा सन्नाटा छायो । जनकले भने– तिमी के भन्न चाहन्छौ त ? 'म केही पनि चाहन्नँ । १२ वर्षदेखि जुन बन्दीसँग जय-पराजयको शास्त्रार्थ चलिरहेको छ, म शास्त्रार्थमा भाग लिएर बन्दीलाई हराउन चाहन्छु । बन्दीसँग अष्टावक्रको शास्त्रार्थ चल्यो । तीन दिनपछि बन्दी हारे, अष्टावक्रले जिते । अब जल समाधि लिने पालो बन्दीको थियो ।

बन्दी भन्छन्– म वास्तवमा वरुणदेवको पुत्र हुँ । मेरा पिताजीले आकाशमा एउटा ठुलो यज्ञ गरिरहनुभएको छ । त्यसका लागि पण्डितहरू चाहिएको छ । त्यही आवश्यकता पूर्ति गर्न म यहाँ मृत्युलोकमा आएको हुँ । जलमार्गबाट ती पण्डितलाई मैले मेरो बुवा कहाँ पठाएको छु । त्यो यज्ञ तब नै पूरा हुन्छ जब म यो शास्त्रार्थमा हार्नेछु । आज अष्टावक्रले मलाई हराए । यसैले म अब मेरो पिताजीको यज्ञको ठाउँमा जानेछु । जल समाधि लिनुभएका सबै पण्डितहरू जलमार्गबाट पृथ्वीलोकमा आउँदै हुनुहुन्छ, फर्कंदै हुनुहुन्छ ।

उनको यो कुरा कसैलाई विश्वास भएन । राजा जनक स्वयं जल समाधि लिएको नदी तटमा गए, नभन्दै नदीबाट पण्डितहरू आउँदै थिए । सबैले अष्टावक्रलाई जयजयकार गरे । अष्टावक्रले गर्दा उनीहरू फर्कन पाएका थिए । त्यही पण्डितहरूमा अष्टावक्रको पिताजी कहोड पनि थिए । उनको पण्डित्याइँको अहं टुटिसकेको थियो । उनी आउनेबित्तिकै अष्टावक्रलाई हेर्दै भने- मलाई के थाहा, मजस्तो मूर्खको घरमा पनि यस्तो आत्मज्ञानी जन्मन्छ भनेर ?

उनले यति मात्र के भनेका थिए, उनीभित्र आत्मज्ञान उदय भयो । आत्मज्ञान प्राप्त भएका कारणले कहोड ऋषिले अष्टावक्रलाई भने- जाऊ, उत्तालक ऋषिको आश्रम पछाडि बगिरहेको नदीमा जाऊ र नुहाऊ, तिम्रो शरीर ठिक हुन्छ ।

उक्त नदीमा स्नान गरेपछि अष्टावक्र सामान्य मानिसजस्तै भए । यता १२ वर्षको केटो अष्टावक्रसँग तीन दिनको शास्त्रार्थको प्रभाव राजा जनकको मस्तिष्कमा गहिरोसँग पर्‍यो । उनी यसबारे सोच्दासोच्दै निदाए । निद्रामा उनले सपना देखे– अर्को देशको राजाले उनको देशमा आक्रमण गरेको छ । उनी हारेका छन् । उनी वन-वन भौंतारिरहेका छन् । भोकले कमजोर भइसकेका उनलाई कसैले चामल दियो । वनमै आगो बालेर कतैबाट भाँडो पाएर त्यो चामलबाट खिचडी पकाउन थाले । तीन दिनका भोका जनकले त्यो खिचडी पाकेको हेरिरहेका थिए ।यत्तिकैमा जुद्धै आएका दुईटा गोरुले त्यो खिचडी पोखिदिए । तीन दिनदेखिको भोका जनकले केही गर्न सकेनन् । अब कहिले खाना पाउँछु भन्ने चिन्तामा डुबेकै बेला उनी झल्याँस्स बिउँझिएँ ।

> "म केही पनि चाहन्नँ । १२ वर्षदेखि जुन बन्दीसँग जय-पराजयको शास्त्रार्थ चलिरहेको छ, म शास्त्रार्थमा भाग लिएर बन्दीलाई हराउन चाहन्छु ।

आगामी निर्वाचनसम्म कांग्रेस सरकारमा जानुहुँदैनः महामन्त्री थापा

काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले आगामी निर्वाचनसम्म कांग्रेस सरकारमा जान नहुने धारणा व्यक्त गर्नुभएको छ । नेपाली कांग्रेस काठमाडौँ क्षेत्र नं ६ प्रदेश (१)ले शनिबार आयोजना गरेको 'दोस्रो प्रदेशसभा क्षेत्रीय सम्मेलन, २०८१'को उद्घाटन गर्दै उहाँले कांग्रेस प्रतिपक्षमै बसेर सरकार भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो ।

"पार्टीभित्र प्रेमपूर्ण सम्बन्ध, प्रष्टता र प्रतिबद्धताको आवश्यकता छ, यसलाई पूर्णरुपमा कार्यान्वयन गरेर आगामी निर्वाचनमा कांग्रेसलाई ४० प्रतिशत मतसहित एकल बहुमतको सरकार बनाउने अवस्थामा पुऱ्याउन सकिन्छ", उहाँले भन्नुभयो ।

महामन्त्री थापाले यही असारभित्र महासमिति बैठक बसेर पार्टीलाई अगाडि बढाउनेबारे बृहत छलफल गरिने बताउनुभयो । उहाँले निर्वाचनमा पार्टीको उम्मेदवार चयन गर्ने प्रक्रिया परिवर्तन गर्न जरुरी रहेको उल्लेख गर्नुभयो । "निर्वाचनका लागि उम्मेदवार छान्न पार्टीभित्रका क्रियाशिल सदस्यले भोट गर्ने व्यवस्था बनाउनुपर्छ", उहाँले भन्नुभयो ।

उहाँले पार्टीभित्र प्रेमपूर्ण सम्बन्ध भएका कारण विस २०४८ सालमा कांग्रेस एक्लैले बहुमत प्राप्त गरेको स्मरण गर्नुभयो । पार्टीभित्र गुट, उपगुटको अन्त्य गर्न जरुरी रहेको उहाँको भनाइ थियो । महामन्त्री थापाले केन्द्रमा कांग्रेसको सरकार नभएपनि तीन सय ३२ स्थानीय तहमा कांग्रेसको सरकार भएकाले जनताका लागि काम गर्न आग्रह गर्नुभयो । "कांग्रेस केन्द्रमा प्रतिपक्षमा छ, हामी प्रतिपक्षमै बस्नुपर्छ, सरकारलाई ठीक ठाउँमा उभ्याउने काम कांग्रेसको हो", उहाँले भन्नुभयो ।

उहाँले आगामी निर्वाचनअघि संविधानमा भएका केही कुराहरु संशोधन गरेर अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो ।

"प्रदेशहरु अदालतबाट चल्दै आएको अवस्था छ, प्रदेश र केन्द्रका मन्त्रीहरु घटाउनुपर्छ, संविधानमा संशोधन गरेर अगाडि बढ्नुपर्छ", महामन्त्री थापाले बताउनुभयो । उहाँले नेता तथा कार्यकर्तालाई नागरिकसँग जोड्ने कार्यक्रम ल्याउनुपर्ने उल्लेख गर्नुभयो ।

पार्टीका केन्द्रीय सदस्य प्रदीप पौडेलले काठमाडौँको सङ्गठन बलियो हुँदा देशभरको पार्टी सङ्गठन बलियो हुने बताउनुभयो । "काठमाडौँको सङ्गठनले देशभरलाई दिशानिर्देश गर्न सके पार्टी मजबुद बन्छ", उहाँले भन्नुभयो । भ्रष्टाचारविरुद्ध कांग्रेस शशक्त भएर उभिनुपर्ने उहाँको भनाइ छ ।

नेता पौडेलले जनताका विषयलाई एजेण्डा बनाएर कांग्रेस अगाडि बढ्नुपर्ने बताउनुभयो । "एजेण्डामा धनी पार्टी नै लोकप्रिय हुन्छ, हामीले कांग्रेसलाई लोकप्रिय पार्टी बनाउनुपर्छ", नेता पौडेलले भन्नुभयो । क्रियाशील सदस्य वितरण शैलीमा कांग्रेसले परिवर्तन गर्न जरुरी रहेको उहाँको भनाइ थियो । नेता पौडेलले कलङ्की-चावहिल चक्रपथ क्षेत्रलाई चाँडो निर्माण गर्न उहाँले सरकारको ध्यानाकर्षण समेत गराउनुभयो ।

कांग्रेस केन्द्रीय सदस्य एवम् प्रतिनिधिसभा सदस्य प्रतिमा गौतमले कांग्रेसलाई राम्रो, गतिशील र नेतृत्व प्रदान गर्ने शक्तिका रुपमा अगाडि बढाउनुपर्ने बताउनुभयो । "लोकतन्त्रलाई ल्याउनका लागि महत्वपूर्ण भूमिका खेलेको कांग्रेसलाई काठमाडौँबासीले बलियो भएको हेर्न चाहन्छ, यसलाई तपाईं हामी मिलेर पूरा गर्नुपर्छ", उहाँले भन्नुभयो ।

कांग्रेस काठमाडौँका सभापति सबुज बानियाँले नेताले आफ्नो क्षेत्र सुरक्षित गर्न काठमाडौँलाई प्रयोगशाला बनाएको बताउनुभयो। "नेताले आफूले चुनाव जित्नका लागि राम्रो सङ्गठन भएको काठमाडौँमा गठबन्धन गर्दा यहाँको सङ्गठन कमजोर भयो", उहाँले भन्नुभयो ।

कांग्रेस काठमाडौँका पूर्वसभापति भीमसेनदास प्रधानले पार्टीको विधानलाई समयसापेक्ष संशोधन गर्दै लैजानुपर्ने बताउनुभयो । उहाँले पार्टीभित्र एउटै व्यक्तिले पटक-पटक अवसर पाउने प्रवृत्तिको अन्त्य गरिनुपर्नेमा जोड दिनुभयो ।

"सहकारी अनियमितताको विषयलाई ओझेलमा पार्ने छानबिन समिति चयन गरिएको छ", उहाँले भन्नुभयो ।

कार्यक्रममा वाग्मती प्रदेशका सहमहामन्त्री जीवन डङ्गोल, बागमती प्रदेशसभा सदस्य हरिप्रभा खड्गी श्रेष्ठ, कांग्रेस काठमाडौँ महानगरपालिकाका सभापति नीलकाजी शाक्य, कांग्रेस काठमाडौँ क्षेत्र नं ६ का पूर्वसभापति न्हुच्छेनारायण मानन्धर, कांग्रेस काठमाडौँ महानगरपालिका-२८ का सभापति दीपङ्गप्रसाद प्रधानाङ्गलगायतले देश र जनताले कांग्रेसको एजेण्डा खोजेको बताउनुभयो।

कांग्रेस काठमाडौँ क्षेत्र नं ६ प्रदेश (१) का सभापति ख्यामराज तिवारीले सुशासनलाई कांग्रेसले प्राथमिकतामा राखेर अगाडि बढ्नुपर्ने बताउनुभयो । कार्यक्रममा काठमाडौँ क्षेत्र नं ६ का पूर्वक्षेत्रीय सभापति न्हुच्छेनारायण मानन्धर, काठमाडौँ महानगरपालिका-२६ का पूर्वअध्यक्ष विश्वम्भरलाल प्रधानलगायत पार्टीमा विशिष्ट योगदान दिने डेढ दर्जन व्यक्तिलाई सम्मान गरिएको थियो ।रासस

पार्टीसँग 'जादु' नम्बर छ, सरकार पूरै अवधि टिक्छ : अध्यक्ष दाहाल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान सरकार संसद्को पूरा अवधिसम्म टिक्ने भएकाले कुनै दुविधा नराख्न आग्रह गर्नुभएको छ । उहाँले पार्टीको इतिहास, आन्दोलनको योगदान, आवश्यकता र संसद्को अङ्कगणितका आधारमा समेत यही सरकारले पूर्ण कार्यकाल काम गर्ने बताउनुभयो ।

तामाङ राष्ट्रिय मुक्ति मोर्चा नेपालको सातौँ राष्ट्रिय महाधिवेशनको शनिबार उद्घाटन गर्दै उहाँले संसद्मा माओवादी केन्द्रको थोरै संख्या छ भनेर चिन्ता नगर्न र दुविधा नलिन अनुरोध गर्नुभयो । "सरकार कति दिनको होला, चल्छ कि चल्दैन, केही दिनपछि सरकार जाँदैछ रे भनेर दुविधा उत्पन्न गराउने कोसिस भएको देख्छु तर हामीलाई हटाउन सजिलो छैन, संसद्मा हाम्रो जादुवाला नम्बर छ, त्यो जादुले अनेक गरेर मिलाइहाल्छ", उहाँले भन्नुभयो ।

राजनीतिक दलहरूसँग भएका समझदारीको पूर्ण पालनाप्रति आफूहरू जहिल्यै पनि इमान्दार रहेको जनाउँदै उहाँले भ्रष्टाचारविरुद्ध, सामाजिक न्याय र समृद्धिका लागि काम गर्न आफू दत्तचित्त रहेको बताउनुभयो । माओवादी केन्द्रले नयाँ विचारका लागि महाधिवेशनतर्फ जाने तयारी गरिरहेको जानकारी दिँदै अध्यक्ष दाहालले केन्द्रीय समितिको आगामी बैठकबाट महाधिवेशनको मिति तोकिने बताउनुभयो । "महाधिवेशनमा नयाँ विचार संश्लेषण गर्छौं, नयाँ अभियान र विचारसहित पार्टीलाई अघि बढाउँछौं । गणतन्त्रलाई सुदृढ गरी मुलुकलाई सुशासन र समृद्धिको नयाँ युगतिर लैजान महाधिवेशनले थप दिशानिर्देश गर्नेछ", उहाँले भन्नुभयो ।

देशमा रहेको विविधताका आधारमा नयाँ राष्ट्रिय एकताका लागि आत्मनिर्णयको अधिकारसहितका विशेष व्यवस्था गर्न विगतमा पार्टीले भूमिका बारे उल्लेख गर्दै अध्यक्ष दाहालले सरकार, संसद् र सडकको मोर्चाबाट पनि फेरि एकपटक पार्टीलाई नयाँ उचाइमा लैजाने बताउनुभयो । त्यसका लागि पार्टीका मोर्चालाई बलियो बनाउने र अभियानको रूपमा जनतासँग जोड्न सकरात्मक, रचनात्मक र ऐतिहासिक सङ्कल्प सुरु गरिसकेको छु उहाँले भन्नुभयो ।

अध्यक्ष दाहालले काठमाडौँ उपत्यकाका नेवार समुदाय र आसपासका तामाङ समुदायबाट भएको त्याग, तपस्या र बलिदानले मुलुकमा गणतन्त्र सम्भव भएको स्पष्ट पार्दै संविधान जारी भएपछि निष्क्रिय रहेका पार्टीका जातीय मुक्ति मोर्चा पुनः सक्रिय हुन थालेका बताउनुभयो । उत्पीडित जाति तथा क्षेत्रलाई आन्दोनलमा केन्द्रित गरी युद्धलाई अघि बढाइएको स्मरण गर्दै उहाँले उनीहरुको माग र मुद्दालाई जनयुद्धको अभिन्न अङ्ग बनाएर गोलबन्द गरेको उल्लेख गर्नुभयो ।

उपाध्यक्ष अग्निप्रसाद सापकोटाले राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुर्याइरहेका तामाङ समुदायले जनयुद्धमा बलिदानीपूर्ण योगदान गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "माओवादी चिल हो, कुखुराजस्तो आँगनबाट उडेर दलानमा मात्र पुग्ने होइन, समयको माग र आवश्यकतानुसार चिलले जस्तै बेगमा जान सक्छ ।"

बृहत् वामपन्थी एकीकरण र कम्युनिष्ट पार्टीको पुनःगठनका लागि विचारको खोजी र मन्थन गरिरहेको जनाउँदै उपाध्यक्ष सापकोटाले जस्तो राजनीति त्यस्तै कार्यदिशा हुने भएकाले पार्टीले स्वतन्त्रता, न्याय र समृद्धिको आधारका रूपमा समाजवादको मार्गलाई अङ्गीकार गरी अगाडि बढिरहेको बताउनुभयो ।

> उपमहासचिव तथा अर्थमन्त्री वर्षमान पुनले नेपाल विविधतायुक्त देश भएकाले राजनीतिलगायत राज्यका सबै संरचनामा जातीय, भाषिक र सांस्कृतिक विविधता देखिनुपर्ने आवश्यकता औँल्याउनुभयो । "कुनै पनि राजनीतिक दलले देशको इतिहास र गौरवलाई सम्मान गर्नुपर्छ ।

उपमहासचिव तथा अर्थमन्त्री वर्षमान पुनले नेपाल विविधतायुक्त देश भएकाले राजनीतिलगायत राज्यका सबै संरचनामा जातीय, भाषिक र सांस्कृतिक विविधता देखिनुपर्ने आवश्यकता औँल्याउनुभयो । "कुनै पनि राजनीतिक दलले देशको इतिहास र गौरवलाई सम्मान गर्नुपर्छ । पार्टीको विगतको युद्धले उत्पीडित जातजातिलाई जागरुक र गोलबन्द बनाएको छ । जनवादी क्रान्तिले उठाएका मुद्दालाई आत्मसात् गर्दै थप उपलब्धिका लागि सङ्घर्ष गर्नुपर्छ", उहाँले भन्नुभयो । प्राप्त उपलब्धिलाई संस्थागत गर्नुपर्ने पक्षलाई नजरअन्दाज गर्दै आलोचना र गुनासो मात्र गर्न हुँदैन भन्दै पुनले पार्टीले उठाएका बाँकी मुद्दालाई वैज्ञानिक र वस्तुगत ढङ्गले पूरा गर्नेतर्फ सबैको जोडबल आवश्यक रहेको बताउनुभयो ।

प्रदेश र स्थानीय तहमा निर्वाचित पदाधिकारीले पार्टीको उद्देश्य र जिम्मेवारीलाई पूरा गर्ने सन्दर्भमा पछि परेको वर्ग समुदाय र उत्पीडितको पक्षमा कानुन निर्माणलाईतीव्रतादिनुपर्नेआवश्यकता औँल्याउँदै उपमहासचिव पुनले धनी र गरिबबीचको खाडल घटाउने, पुराना ज्ञान र सीपलाई वैज्ञानिक र आधुनिकतासँग जोडेर लैजान सक्नु नै समाजवाद भएको स्पष्ट पार्नुभयो । सांसद मीना तामाङले जनयुद्धका समयमा पार्टीले उठाएका मुद्दा र गरेको दिशानिर्देशलाई कार्यान्वयन गर्न सकिए वर्गीय र जातीय मुक्ति सम्भव रहेको बताउनुभयो ।

माओवादी केन्द्रको भातृ सङ्गठन तामाङ मुक्ति मोर्चा नेपालले 'पूर्ण ताम्सालिङ प्रदेश स्थापना गरौँ, समाजवादी क्रान्तिको बाटोमा अघि बढौँ' भन्ने मूल नाराका साथ दुई दिवसीय सातौँ राष्ट्रिय महाधिवेशन गरिरहेको छ । महाधिवेशन आयोजक समितिका अध्यक्ष एवं सांसद सूर्यमान दोङले मुलुकमा राजनीतिक परिवर्तनका लागि भएका आन्दोलमा तामाङ जातिले गरेको योगदानको राज्यले सम्मान गर्नुपर्नेमा जोड दिनुभयो ।

त्यसअवसरमा पार्टी अध्यक्ष एवं प्रधानमन्त्री दाहाल, उपाध्यक्ष सापकोटा, उपमहासचिव एवं अर्थमन्त्री वर्षमान पुन, पूर्वसभामुख ओनसरी घर्तीलगायतलाई सम्मान गरिएको थियो । नेपालको कुल जनसंख्याको छप्रतिशत रहेका तामाङ समुदायको काठमाडौँ उपत्यका आसपास र बागमती प्रदेशमा सघन बसोबास रहेको छ ।रासस

आयोजनालाई बहुउद्देश्यीय आयोजनाकैरुपमा अगाडि बढाउनु पर्ने नेता भटराईको भनाई

गोरखा । पूर्वप्रधानमन्त्री एवं नेपाल (समाजवादी पार्टी)का अध्यक्ष डा बाबुराम भट्टराईले बूढीगण्डकी जलविद्युत् आयोजनालाई बहुउद्देश्यीय आयोजनाकैरुपमा अगाडि बढाउनुपर्ने बताउनुभएको छ ।



शनिबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा उहाँले आयोजनाको विद्यमान अवस्था जारी रहेमा आयोजनाको काम अलपत्र पर्नसक्ने खतरा रहेको छ भन्नुभयो । उहाँले भन्नुभयो "नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनीबाट आयोजना बनाउन खोजिए बूढीगण्डकी बहुउद्देश्यीय आयोजनाका रुपमा बन्नै सक्दैन ।

प्राधिकरणको सहायक कम्पनीबाट बनाउने भनेको त हामीले कल्पना जुन बहुउद्देश्यीय आयोजनाको परिकल्पना गरेका छौं, त्यो सम्भव छैन । यो विषयमा गोर्खाली जनताले पनि आवाज उठाउनुपर्छ ।"

बूढीगण्डकीलाई बहुउद्देश्यीय आयोजनाका रुपमा अगाडि बढाउन बूढीगण्डकी विकास प्राधिकरण गठन गरेको निर्माण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । "बूढीगण्डकी विकास प्राधिकरण गठन गरेर आयोजना निर्माण अगाडि बढाउन सकियो मात्र यो आयोजना राष्ट्रिय गौरवको आयोजनाकारुपमा बन्छ", पूर्वप्रधानमन्त्री भट्टराईले भन्नुभयो, "नत्र हामीले परिकल्पना गरिएअनुसार आयोजना बन्नै सक्दैन ।" उहाँले वर्तमान सरकारले पनि बूढीगण्डकी आयोजना निर्माणको काम अगाडि बढाउन नचाहेकोसमेत बताउनुभयो।"मुख्यपरियोजना बूढीगण्डकीपरियोजना नै अलपत्र बन्दैछ", पूर्वप्रधानमन्त्री भट्टराईलेभन्नुभयो, "प्रधानमन्त्री पुष्पकमल दाहाल नै कुनै न कुनैरुपमा नौ वर्षदेखि सत्तामा हुनुहुन्छ, चाहे आफ्नो नेतृत्वमा होस् वा अरुको नेतृत्वमा तर आयोजना पटक्कै अगाडि बढाएको देखिएन् ।"

गोरखालाई विकास र समृद्धिको मोडलकारुपमा अगाडि बढाउनुपर्ने आफ्नो चाहाना रहेको भए पनि आगामी आर्थिक वर्ष २०८१/८२ का लागि केन्द्र सरकारले बिनियोजन गरेको बजेटबाट उक्त सम्भावना नरहेको बताउनुभयो । झट्ट हेर्दा गोरखामा बढी बजेट हालेको प्रचार भए पनि टुक्रे योजना मात्र परेको उहाँले बताउनुभयो ।

"गोरखाको पश्चिम क्षेत्रलाई औद्योगिक क्षेत्रका रुपमा विकास गर्ने र सँगसँगै यहाँको ऐतिहासिक, सांस्कृतिक क्षेत्रलाई जोडर धार्मिक पर्यटन तथा उत्तरी गोरखालाई साहासिक पर्यटनको जुन बढी सम्भावना छ", उहाँले भन्नुभयो, "यसलाई मिलाएर एकीकृत पर्यटनको योजना बनाउने प्रस्ताव गरेको भए पनि कुनै पनि सरकारले काम गरेन ।"रासस

संसद्मा प्रतिपक्षको भूमिका थप प्रभावकारी बनाउँछौं: पूर्वप्रधानमन्त्री देउवा

लुम्बिनी । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले संसद्मा प्रतिपक्षको भूमिका थप प्रभावकारी बनाउने बताउनुभएको छ । उहाँले संसद्मा नेपाली कांग्रेसको भूमिका प्रभावकारी हुन नसकेको सन्देश गएकाले अब थप प्रभावकारी ढङ्गले प्रस्तुत हुने बताउनुभयो । पश्चिम नवलपरासीको पाल्हिनन्दन गाउँपालिकाको महेशपुरमा स्वर्गीय पृथ्वीराज कँडेलको अर्धकदको सालिक अनावरण र बसपार्क उद्धाटन गर्दै पूर्वप्रधानमन्त्री देउवाले जनजीविकाका सवालमा प्रतिपक्षले संसद्मा प्रभावकारी भूमिका निर्वाह गर्ने बताउनुभयो । उहाँले नवलपरासीमा महेशपुर मूलभन्सार भएर पनि पूर्ण रूपमा सञ्चालनमा आउन नसकेकाले यसको भौतिक एवं प्रशासनिक सुधारका लागि पहल गर्ने आश्वासन पनि दिनुभयो ।

पूर्वगृहराज्यमन्त्री तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य देवेन्द्रराज कँडेलका पिता पृथ्वीराज कँडेलको स्मृतिमा बसपार्कको नामकरण गरिएको र अर्धकदको सालिक निर्माण गरिएको हो । स्व कँडेल २०१५ सालमा पाल्हिमाझ खण्ड पूर्वीनिर्वाचन क्षेत्र नं ५७ बाट निर्वाचित सांसद हुनुहुन्थ्यो ।

कार्यक्रममा जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदेयश त्रिपाठीले निजामती कर्मचारी सेवा ऐन तत्काल पारित गर्नुपर्ने बताउनुभयो । उहाँले नेपाल-भारत सीमा क्षेत्रमा हुने कुनै पनि क्रियाकलाप मधेसको सहमतिमा हुनुपर्नेसमेत बताउनुभयो ।

नवलपरासी क्षेत्र नं १ का सांसद विनोद चौधरीले राजनीतिक दल फरक-फरक भए पनि जिल्लाको विकासमा सबै दल एकजुट हुनुपर्ने बताउनुभयो । कार्यक्रममा लुम्बिनी प्रदेशसभा सदस्य देवकरण कलवार सन्तुले उखु र केरा खेतीको पकेट क्षेत्र भए पनि यहाँका उत्पादनले बजार पाउन नसकेको बताउनुभयो । प्रदेशसभा सदस्य वैजनाथ कलवारले यस क्षेत्रको विकासका लागि महेसपुर–सुनवल हुँदै महलपोखरीबाट पाल्पासम्म जोड्ने फराकिलो सडक निर्माणका लागि पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका देउवाको ध्यानार्कषण गराउनुभयो ।

सङ्घीय सरकारको रु एक करोड, पाल्हीनन्दन गाउँपालिकाको रु १३ लाख गरी कुल रु एक करोड १३ लाख लागतमा बसपार्क निर्माण भएको बसपार्कका संरक्षक देवेन्द्रराज कँडेलले जानकारी दिनुभयो । यस्तै पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति देउवाले आजै नवलपरासीको परासीमा पार्टीका नेता तथा कार्यकर्तासँग अन्तर्क्रिया गर्नुभएको छ ।

कार्यक्रममा सभापति देउवाले नेपाली कांग्रेसलाई कसैले पनि हराउन नसक्ने गरी जनस्तरमा काम गर्न नेता तथा कार्यकर्तालाई निर्देशन दिनुभयो । उहाँले पार्टीमा दण्ड र पुरस्कारको नीति कडाइका साथ लागू गर्ने भएकाले नेता, कार्यकर्तालाई ढुक्क भएर काम आग्रह गर्नुभयो । "कांग्रेसको विचार, यसले राष्ट्रिय राजनीतिमा खेल्ने भूमिका, देश र जनताका पक्षमा हाम्रो पार्टीले गरेका कामका बारेमा आम जनतामाझ पुर्याउने गरी प्रचार गर्नुपर्ने आवश्यकता छ । एकढिक्का भएर जनस्तरमा खटेमा पार्टीलाई कसैले हराउन सक्दैन", सभापति देउवाले भन्नुभयो । उहाँले चुनावमा हुने अन्तर्घात हटाउन अहिलेदेखि नै योग्यता र क्षमताका आधारमा पदीय जिम्मेवारीको बाँडफाँट गरेर जनतामाझ पुग्नसमेत सुझाव दिनुभयो ।रासस

स्वाभिमानी नेता र कार्यकर्ताले मात्रै देशलाई अघि बढाउन सक्छन्: अर्थमन्त्री

काठमाण्डु । अर्थमन्त्री वर्षमान पुनले श्रमप्रतिको सम्मान, उत्पादनमा आत्मनिर्भरता र स्वभिमानी नेता तथा कार्यकर्ताले मात्रै देशलाई अघि बढाउन सक्ने बताउनुभएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) अछाम-काठमाडौँ सम्पर्क समन्वय समितिले शनिबार आयोजना गरेको दोस्रो भेलालाई सम्बोधन गर्दै अर्थमन्त्री पुनले आगामी आर्थिक वर्षको बजेटमा उत्पादन र रोजगारीसँग जोड्ने खालका कार्यक्रम समावेश गरिएको पनि जानकारी दिनुभयो । उहाँले त्यसका लागि केही बजेट विनियोजन भएको बताउनुभयो ।

उहाँले उत्पादन वृद्धि केही मान्छे धनी बन्नका लागि नभई समानता र सामाजिक न्यायका आधारमा विकास गर्नका लागि भएको पनि बताउनुभयो । उहाँले भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गरेमात्रै समानता र सामाजिक न्याय प्राप्त गर्न सकिने बताउनुभयो । मन्त्री पुनले कृषि, पर्यटन जलविद्युत, सूचना प्रविधि र उत्पादन यी पाँच क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट ल्याइएको जानकारी दिँदै सातै प्रदेशलाई विशेष प्राथमिकता दिइएको उल्लेख गर्नुभयो ।

एक प्रदेशमा एउटा विशेषतालाई प्राथमिकता दिएर कार्यक्रम अघि सारिएको पनि उहाँले बताउनुभयो ।रासस

भूउपग्रहबाट प्राप्त तस्बिरमा उत्तर कोरियाले सीमामा 'पर्खाल' बनाएको देखियो

बीबीसी

काठमाण्डु । उत्तर कोरियाले दक्षिण कोरियासँगको सीमानजिकै कैयौँ ठाउँमा पर्खालजस्तो देखिएको संरचना बनाइरहेको भूउपग्रहबाट खिचिएका ताजा तस्बिरहरूले देखाएका छन्।

बीबीसी भेरिफाईले विश्लेषण गरेका ती तस्बिरहरूले 'डीएमजी' भनिने असैनिकीकृत क्षेत्रभित्र ठाउँहरू खाली गराइएको पाइएको छ। त्यसलाई विज्ञहरूले दक्षिण कोरियासँग लडाइँ रोक्न उत्तर कोरियाले गरेको सहमतिको उल्लङ्घन हुन सक्ने बताएका छन्।डीएमजी भनेको उत्तर र दक्षिण कोरियाबीच झन्डै चार किलोमिटर चौडा असैनिकीकृत मध्यवर्ती क्षेत्र हो। ती दुई देशले विगतको युद्धपछि शान्ति सम्झौता नगरेकाले प्राविधिक रूपमा युद्ध चलिरहेको मानिन्छ। डीएमजी पनि दुई भागमा बाँडिएको छ। प्रत्येक देशले आफ्नो भागको डीएमजी नियन्त्रण गर्छ।

अहिले देखा परेका ताजा गतिविधिलाई विज्ञहरूले 'अस्वाभाविक' मानेका छन्। दुई देशबीच तनाव चर्किएको अवस्थामा त्यस्ता गतिविधिहरू भएका छन्। "यतिबेला हामी उत्तर कोरिया सम्भवतः आफ्नो सैन्य उपस्थिति सबल पार्दै सीमा क्षेत्रमा सुदृढ बन्दोबस्त गर्न चाहन्छ भन्ने केवल अनुमान लगाउन सक्छौँ ," सोलस्थित एनके न्यूजका पत्रकार श्रेयश रेड्डीले भने।

उत्तर कोरियाले ती क्षेत्रमा केकस्ता परिवर्तन भएको छ भनेर जान्ने क्रममा बीबीसी भेरिफाफले सीमाको सात किलोमिटर लामो भागको उच्च गुणस्तरको भूउपग्रह तस्बिर मगाएको थियो।ती तस्बिरमा सीमाको पूर्वी भागमा करिब एक किलोमिटर दूरीमा कम्तीमा तीनवटा खण्डमा डीएमजीनजिकै अवरोधहरू खडा गरेको देखिन्छ।

सीमाका अन्य खण्डहरूमा पनि थप अवरोधहरू निर्माण गरिएको हुन सक्ने सम्भावना प्रबल छ।त्यस्तो निर्माण कहिले सुरु गरियो भन्ने स्पष्ट जानकारी छैन। तर ती संरचनाहरू सन् २०२३ को नोभेम्बरमा त्यही ठाउँको भूउपग्रहबाट खिचिएको तस्बिरमा देखिँदैनन्।

"मेरो व्यक्तिगत विश्लेषण के छ भने उनीहरूले पहिलो पटक ती ठाउँहरूलाई अलग गर्ने गरी अवरोध बनाएका हुन्," सोलस्थित असान इन्स्टिट्यूट फर पोलिसी स्टडिजका सैन्य एवं रक्षाविज्ञ डा उक याङले भने।"सन् १९९० ताका, उत्तर कोरियाले युद्ध भएमा प्रवेश गर्न सक्ने ट्याङ्कहरूलाई रोक्ने उद्देश्यले पर्खालहरू बनाएको थियो। तर अहिले चाहिँ ती पर्खाल दुई-तीन मिटर अग्ला छन्। ती ट्याङ्क रोक्ने पर्खाल होइनन्," डा याङले भने।


असैनिकीकृत क्षेत्रभित्र खाली गरिएको जमिन
८ नोभेम्बर २०२३
उत्तर कोरिया
उत्तर कोरियाको नियन्त्रणमा रहेको असैनिकीकृत क्षेत्र
१७ जुन २०२४
उत्तर कोरिया
भर्खर खाली गरिएको क्षेत्र
उत्तर कोरियाको नियन्त्रणमा रहेको असैनिकीकृत क्षेत्र

"पर्खालको आकार हेर्दा ती अवरोधक (ट्याङ्क रोक्ने) मात्र नभईकन पूरै क्षेत्रलाई विभाजन गर्ने उद्देश्यले बनाइएको देखिन्छ," भूउपग्रहबाट प्राप्त तस्बिर विश्लेषण गरेका डा याङले बताए।साथै डीएमजीको उत्तर कोरियाली भागमा ठाउँठाउँमा जमिन खाली गराइएको प्रमाण पनि देखिन्छ।सिमानाको पूर्वी भागको ताजा भूउपग्रह तस्बिरमा भर्खरै बनाइएको बाटोजस्तो देखिन्छ।

डीएमजीको उत्तरी सीमाको स्पष्ट नक्सा बनाउने क्रममा हामीले सीमा नक्साङ्कनमा बीबीसीको अनुसन्धान प्रयोग गर्‍यौँ। किनभने उपलब्ध सीमा नक्साहरूमा थोरै भिन्नताहरू पाइन्छन्। तर हामीले भेटेका सबै नक्सामा डीएमजीभित्र जमिन खाली गराउने काम भइरहेको देखिन्छ। दक्षिण कोरियाली सेनाको जोइन्ट चीफ अफ स्टाफ्स (जेसीएस)का एक अधिकारीले हालै दिएको अन्तर्वार्तामा सेनाले त्यहाँ भइरहेको गतिविधि "रणनीतिक बाटोहरूको सुदृढीकरण, विस्फोटक पदार्थ बिच्छ्याउने कार्य तथा जमिनमा सफाइ (खाली पार्ने) कार्य"सँग सम्बन्धित भएको पाएको बताएका छन्।

"त्यसरी जमिन खाली पार्ने कार्यका सैनिक वा गैरसैनिक दुवै पक्ष हुन सक्छन्", कोरिया यूनिभर्सिटीका अन्तर्राष्ट्रिय सुरक्षासम्बन्धी प्राध्यापक किल जु बानले बताए।

"त्यसो गर्दा दक्षिण कोरियाका सैन्य गतिविधि अवलोकन गर्ने चौकी बनाउन सहज हुनुका साथै कोही सीमा पार गरेर दक्षिणतर्फ जान लागेको छ भने पनि थाहा हुन्छ," उनले भने। "डीएमजीमा संरचना बनाउनु अस्वाभाविक हो र पूर्वसहमतिबिना त्यसो गर्नु भनेको लडाइँ रोक्ने सम्झौताको पनि उल्लङ्घन हुन सक्छ," सेन्टर फर स्ट्रटीजिक एन्ड इन्टरन्याशनल स्टडिजमा एशिया तथा कोरियासम्बन्धी वरिष्ठ उपाध्यक्ष प्राध्यापक भिक्टर चा भन्छन्।

कोरियाली युद्ध सन् १९५३ मा एउटा सहमतिसँगै रोकिएको थियो। त्यसमा दुवै पक्षले "डीएमजीभित्र, त्यहाँबाट वा त्यसविरुद्ध कुनै शत्रुतापूर्ण कारबाही नगर्ने" वाचा गरेका थिए। तर त्यो युद्धपछि कुनै अन्तिम शान्ति सम्झौता भएन।

वर्षौँदेखि कोरियाको पुनरेकीकरण असम्भवजस्तो देखिए पनि सन् २०२४ सुरु हुनुभन्दा अगाडिसम्म उत्तर कोरियाली नेताहरूले त्यसलाई आफ्नो घोषित लक्ष्य मान्थे। तर यो वर्षको सुरुमा किम जङ अनले एकीकरणको चाहना त्यागेको घोषणा गरे।कतिपय विज्ञहरूले उक्त टिप्पणीलाई "अभूतपूर्व" भन्दै त्यसले महत्त्वपूर्ण नीतिगत परिवर्तन ल्याएको बताए। किम जङ अनले दक्षिण कोरियालाई "मुख्य शत्रु" भने। त्यसयता उत्तर कोरियाले दुई देशको एकताका प्रतीकहरूलाई पनि हटाउन थालेको छ। एकीकरणका स्मारकहरू भत्काउन थालेको छ भने सरकारी वेबसाइटहरूबाट पुनरेकीकरणका सन्दर्भहरू मेट्न थालेको छ।

"उत्तर कोरियाका निम्ति दक्षिणबाट हुने आक्रमण रोक्न थप अवरोधहरू आवश्यक थिएन। तर पनि उसले ती अवरोध निर्माण गरेर आफू पुनरेकीकरणको विपक्षमा रहेको सन्देश दिन खोजेको छ," लन्डनस्थित किङ्स कलेजको युरोपियन एन्ड इन्टरन्याश्नल स्टडिजका प्रमुख डा रामोन पचेको पार्दोले भने।कतिपय विज्ञहरूले पनि यी गतिविधि किम जङ अनका अन्य कामकारबाहीसँग मेल खाने बताउँछन्।

"उत्तर कोरियाले अमेरिका वा दक्षिण कोरियासँग वार्ता गर्न चाहेको भान पनि पारेको छैन। साथै वार्ताबारे जापानका ताजा प्रयासलाई पनि नकारिदिएको छ," अक्सफर्डस्थित कोरियाली प्रायःद्वीपका अनुसन्धाता डा एड्वर्ड हावेलले भने । "रुससँग न्यानो बन्दै गएको उसको सम्बन्धका माझ यदि यो वर्ष दुई कोरियाबीच उक्साहटपूर्ण गतिविधि बढेछन् भने अनौठो नमाने हुन्छ ।"

टी-२० विश्वकपमा कमिङ्सको ह्याट्रिक विकेट

काठमाण्डु । अष्ट्रेलियाका प्याट कमिङ्स आईसीसी टी-२० क्रिकेट विश्वकप २०२४ मा पहिलो ह्याट्रिक विकेट लिएका छन् ।

अमेरिका र वेष्ट इन्डिजमा जारी टी-२० विश्वकपमा कमिङ्सले शुक्रबार बिहान सुपर एट अन्तर्गत बंगलादेश विरुद्धको खेलमा ह्याट्रिक विकेट लिएका हुन् ।सुपर एटको समूह ए को खेलमा अष्ट्रेलियाले कमिङ्सको ह्याट्रिक र डेविड वार्नरको अर्धशतक मद्दतमा बंगलादेशलाई डिएलएस मेथडमा २८ रनले पराजित गरेको छ ।

कमिङ्सले जारी विश्वकपको पहिलो ह्याट्रिक विकेट लिने क्रममा महमदुल्लाहलाई १८औं ओभरको पाँचौ बलमा, मेहदी हसनलाई उक्त ओभरको छैटौं बलमा तथा तोहिद हृदोएलाई २०औं ओभरको पहिलो बलमा आउट गरेका थिए ।टी-२० विश्वकपमा ह्याट्रिक विकेट लिने कमिङ्स दोश्रो अष्ट्रेलियन तथा समग्रमा सातौं खेलाडी बनेका हुन् । यसअघि सन् २००७ मा अष्ट्रेलियाकै ब्रेट लीले टी-२० विश्वकपमा बंगलादेश विरुद्ध नै पहिलो ह्याट्रिक विकेट लिएका थिए ।

यस्तै सन् २०२१ को विश्वकपमा आयरल्याण्डका कर्टिस काम्परले नेदरल्याण्ड्स विरुद्ध, श्रीलंकाका वानिन्दु हसरंगाले दक्षिण अफ्रिकाविरुद्ध तथा दक्षिण अफ्रिकाका कागिसो रबाडाले इंग्ल्याण्ड विरुद्ध विरुद्ध ह्याट्रिक विकेट लिएका थिए ।यस्तै २०२२ को टी-२० विश्वकपमा युएईका कार्तिक मेइयाप्पनले श्रीलंका तथा आयरल्याण्डका जोस लिटलले न्युजिल्याण्ड विरुद्ध ह्याट्रिक विकेट लिएका थिए ।

एन्टिगुवास्थित सर भिभियन रिचर्ड स्टेडियममा भएको खेलमा टस हारेर पहिले ब्याटिङ गरेको बंगलादेशले ८ विकेट गुमाएर १४० रन बनाएको थियो। बंगलादेशका लागि कप्तान नाजमुल होसेन सान्तोले सर्वाधिक ४१ तथा तोहिव ह्रिदोएले ४० रन जोडे ।अष्ट्रेलियाका लागि कमिङ्सले सर्वाधिक ३ विकेट लिँदा एडम जाम्पाले २ तथा मिचेल स्टार्क, मार्कुस स्टोइनिस र ग्लेन म्याक्सवेलले समान १/१ विकेट लिए ।

१४१ रनको लक्ष्य पछ्याउँदै ब्याटिङ गरेको अष्ट्रेलियाले ११.२ ओभरमा २ विकेट गुमाएर १०० रन बनाउँदा वर्षा भएपछि खेल प्रभावित बनेको थियो । त्यो बलासम्म अष्ट्रेलिया डिएल मेथडमा २८ रनले अघि थियो ।अष्ट्रेलियाका लागि वार्नर र ट्रेभिस हेडले पहिलो विकेटमा ६५ रनको साझेदारी गरेका थिए । वार्नरले ३५ बलमा ५ चौका र ३ छक्का प्रहार गर्दै अविजित ५३ रन बनाए । हेडले २१ बलमा ३१ रन जोडे । उनले ३ चौका र २ छक्का प्रहार गरे ।

ग्लेन म्यक्सवेलले १२ बल खेल्दै १ चौका र १ छक्का प्रहार गरी १४ रनमा अविजित रहे । बंगलादेशका लागि दुवै विकेट रिहाद हुसेनले लिए ।

गाजामा थोपा थोपा पानीको सङ्घर्षले बालबालिका गम्भीर बिरामी

बीबीसी

काठमाण्डु । आठ महिनाको युद्धका कारण ९ वर्षका युनिश जुमाको शरीरमा अब हाडछाला मात्रै बाँकी छ।दक्षिण गाजाको खान यूनिसमा रहेको अस्पतालको शय्यामा अर्धचेतन अवस्थामा रहेका उनको शरीरको बनोट हेर्न कठिन भएको थियो।उनका हात र खुट्टा सलाईका काँटीजस्ता बनेका छन् भने घुँडाको जोर्नी सुन्निएको जस्तो देखिन्छ। उनको छाती करङसँग टिमिक्क टाँसिएको छ।

"मेरो छोराको स्वास्थ्य अवस्था पहिले निक्कै राम्रो थियो, ऊ सामान्य थियो," उनकी आमा गनीमा जुमाले भनिन्। "तर जब उसमा कुपोषण र शरीरमा पानीको अभाव देखिन थाल्यो, ऊ तपाईँले अहिले देखेको जस्तै बन्न पुग्यो।" गनीमाका अनुसार त्यहाँ बोतलमा भरिएको पानी पाइँदैन र बालबालिका पानीकै लागि टाढा टाढासम्म यात्रा गर्छन्।

"उनीहरूले ल्याएको पानी हामीसम्म आइपुग्दा फोहोर हुन्छ।" नासेर अस्पतालको कोरिडोरमा पाँच वर्षकी ताला इब्राहिम मुहम्मद अल जलात पल्टीरहेकी छन्।उनी ब्युँझिएकै भए पनि चलमलाइरहेकी छैनन्। उनको आँखा भित्रतिर पसेको छ। ताला पनि पानीको अभाव र कुपोषणबाट ग्रसित छिन्।

उनको छेउमा उभिएका उनका पिता इब्राहिम मुहाम्मद अल-जलातले छोरीको हात समाइरहेका छन्। उनी स्लाइन लिइरहेकी छोरीलाई कुनै किसिमको व्यवधान नहोस् भन्नेमा सतर्क छन्।उनले झन्डै ४० डिग्री नजिकको तातो मौसम र सफा पानीको अभावले आफ्नी छोरीलाई मृत्युको मुखमा पुर्‍याएको बताए।उनले भनेः "अवस्था अझ खराब भइरहेको छ। हाम्रो पालभित्रको तापक्रमको अवस्था कल्पना पनि गर्न सकिँदैन र हामीले पिइरहेको पानी साँच्चै प्रदूषित छ, त्यही भएर कम र बढी दुवै उमेरका बिरामी भइरहेका छन्।"

इजरेल गाजा युद्धमा घरहरू ध्वस्त भएका कारण हजारौँ मानिसहरू विस्थापित भएका छन्। उनीहरू अस्थायी शिविरहरूमा बसिरहेका छन् जहाँ तातो घामबाट उनीहरूलाई खासै सुरक्षा छैन। सफा वा प्रदूषित पानी पाउनु गाजाका लागि दैनिक सङ्घर्ष हो। वितरण केन्द्रमा लामो लाइन हुने गर्छ।ढल प्रणालीमा नराम्रो क्षति भएपछि र थोरै मात्र शौचालयका कारण त्यहाँको पानी सहजै प्रदूषित हुने गर्छ। "गाजामा बालबालिकालाई आपूर्ति गरिने पानी प्रदूषित रहनु नै आन्द्रामा देखिएको सङ्क्रमणको सबैभन्दा ठूलो कारण रहेको कसैलाई छिपेको छैन," नासेर अस्पतालका बालबालिका विभागका प्रमुख डाक्टर अहमद अल-फारीले भने। "झाडा बान्तासहितको सङ्क्रमणले सबैभन्दा पहिले डिहाइड्रेशन निम्त्याउँछ। दोस्रोमा हेपाटाइटिस ए वा सीको समस्या देखिन सक्छ जुन आन्द्राको सङ्क्रमण भन्दा कम खतरनाक छैन।" संयुक्त राष्ट्रसङ्घको मानवीय सहायता संयोजकको कार्यालयले अधिकांश अवस्थामा कमजोर नै रहने गरेको गाजाको ६७ प्रतिशत पानी र सरसफाइ प्रणाली ध्वस्त भएको जनाएको छ। खान यूनिस नगरपालिकाका एक जना जल इन्जिनियर सलाम शरबले भने, "हामीलाई पानी र ढल प्रणाली स्थापनाका लागि ठूलो अन्तर्राष्ट्रिय प्रयासको आवश्यकता पर्छ।"

> "गाजामा बालबालिकालाई आपूर्ति गरिने पानी प्रदूषित रहनु नै आन्द्रामा देखिएको सङ्क्रमणको सबैभन्दा ठूलो कारण रहेको कसैलाई छिपेको छैन," नासेर अस्पतालका बालबालिका विभागका प्रमुख डाक्टर अहमद अल-फारीले भने। "झाडा बान्तासहितको सङ्क्रमणले सबैभन्दा पहिले डिहाइड्रेशन निम्त्याउँछ। दोस्रोमा हेपाटाइटिस ए वा सीको समस्या देखिन सक्छ जुन आन्द्राको सङ्क्रमण भन्दा कम खतरनाक छैन।

उनले खान यूनिसमा मात्रै १७० देखि २०० किलोमिटर पाइप पूर्ण क्षतिग्रस्त भएको भन्दै इनार र पानीका ट्याङ्कीहरू पनि ध्वस्त भएको बताए। इजरेली सेनाले आफूले केरम शुलम सीमा क्षेत्रबाट प्रत्येक दिन मानवीय सहायता सामाग्रीसहितका २०० वटा ट्रकहरूलाई प्रवेश दिइरहेको जनाएको छ।

उसले अर्कोतर्फ रहेका सहायता संस्थाहरूले त्यसलाई वितरण नगरेको आरोप लगाउँदै आएको छ। सहायता निकायहरूले दक्षिण गाजामा अवस्थित रफाह क्षेत्र वरपर निरन्तर भइरहेको लडाइका कारण त्यहाँ काम गर्न खतरनाक हुने तर्क गरिरहेका छन्।उनीहरूले आवश्यकताको अनुपातमा 'समुद्रमा एक थोपा' जति सहायता सामाग्री त्यहाँ लैजान दिइएको बताइरहेका छन्।

खाना र पानीका लागि गाजाका मानिसहरू व्याकुल भइरहँदा लुटपाटको जोखिम देखिएको छ र सहायता सामग्री बोकेका ट्रकहरूलाई बन्दुकधारी र सर्वसाधारणले लुटेका विवरणहरू आएका छन्।तर अन्तर्राष्ट्रिय फौजदारी अदालतका अभियोजनकर्ताहरूले इजरेलले भोकमरीलाई युद्धको अस्त्रका रूपमा प्रयोग गरेको भन्दै प्रधानमन्त्री बेन्जमिन नेतन्याहू र रक्षा मन्त्री योआभ गालान्टविरुद्ध पक्राउ पुर्जीका लागि अनुरोध गरेका छन्।

यसप्रति इजरेली सरकारले आक्रोश व्यक्त गरेको छ। गाजामा अहिले नै चरम भोकमरी रहेको सहायता संस्थाहरूको दाबी बढाइचढाइपूर्ण भएको भन्दै उसले युद्धको सुरुवात गरेको हमासका कारण प्यालेस्टिनीहरूले दुख र पीडा पाएको उल्लेख गरेको छ।राष्ट्रसङ्घले जुलाईको मध्यसम्म गाजाका १० लाख भन्दा बढी मानिसहरू उच्च तहको भोकमरीको जोखिममा पर्ने जनाएका छन्।इजरेली मन्त्रीहरूले गाजामा मानवीय सङ्कट रहेको अस्वीकार गर्ने गर्छन्।तर नासेर अस्पतालमा आफ्ना ख्याउटे छोरालाई हातमा बोकिरहेकी गनीमा जुमाका लागि त्यो यथार्थ होइन ।

युक्रेनको उर्जा पूर्वाधारमा रुसी आक्रमण

एएफपी

युक्रेन ।रुसले शनिबार देशको पश्चिम र दक्षिणका ऊर्जा पूर्वाधारमा रातारात "ठूलो" आक्रमण गरेको युक्रेनले बताएको छ ।

जापोरिझिया र लिभिभ क्षेत्रका (अपरेटर) युक्रेनेर्गो सुविधाहरूमा उपकरणहरू क्षतिग्रस्त हुनुका साथै दुई कर्मचारीहरू घाइते भई जापोरिजियामा अस्पतालमा भर्ना गरिएको ऊर्जा मन्त्रालयले जनाएको छ ।यसले विगत तीन महिनामा "ऊर्जा पूर्वाधार सुविधाहरूमा आठौँ ठुलो, संयुक्त आक्रमण" भएको बताएको छ ।

रूसी आक्रमणको दुई वर्ष भन्दा बढी, लक्षित मिसाइल र ड्रोन आक्रमणहरूले युक्रेनको बिजुली उत्पादन क्षमतालाई कमजोर बनाई किभलाई युरोपियन युनियनबाट उर्जा आयात गरी आपूर्ति गर्न बाध्य पारेको छ ।युक्रेनी अधिकारीहरूले बिहीबार राति भएको ठूलो आक्रमणमा पावर स्टेसनसहित ऊर्जा पूर्वाधार क्षतिग्रस्त हुनुका साथै सात जना कर्मचारी घाइते भएको बताएका छन् ।युक्रेनको सबैभन्दा ठुलो निजी ऊर्जा कम्पनी डिटिइकेले आक्रमणले यसको एउटा कारखानामा "गम्भीर क्षति" भएको बताएको छ ।

रुसी आक्रमणले युक्रेनको आधा ऊर्जा क्षमता नष्ट गरेको राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले बताउनु भएको छ । जेलेन्स्कीले यस हप्ता युक्रेनका सबै अस्पताल र विद्यालयहरूमा "सकेसम्म चाँडो" सौर्य प्यानलहरू जडान गर्नुपर्ने बताउनु भयो ।गर्मीको समयमा बिजुलीमा प्रवाव पार्ने रुसी प्रयासहरू असफल गर्न अवाश्यक प्रयास गरिरहेको उहाँले बताउनु भयो ।

डिटेकका प्रमुख कार्यकारी म्याक्सिम टिमचेन्कोले युक्रेनका

पश्चिमी सहयोगीले ऊर्जा सञ्जालको रक्षा गर्न सैन्य सहायता प्रदान नगरे "यो जाडोमा गम्भीर सङ्कटको सामना गर्नुपर्ने चेतावनी दिनु भयो । जेलेन्स्कीले युक्रेनका सहयोगीलाई देशको महत्त्वपूर्ण पूर्वाधारको रक्षा गर्न थप हवाई रक्षा प्रणाली पठाउन बारम्बार आग्रह गर्नु भएको छ ।

अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीले वासिङ्टनले किभमा एन्टी-एयर मिसाइलको डेलिभरीलाई प्राथमिकता दिने तथा अन्य देशहरूले अर्डर दिएको जानकारी दिनु भयो । जेलेन्स्कीले सामाजिक सञ्जाल एक्समा जारी सन्देशमा अमेरिकाको कदमका लागि आभार व्यक्त गर्नु भएको छ । यसका अतिरिक्त उहाँले हवाई रक्षा क्षमताले युक्रेनी सहरहरू र नागरिकको सुरक्षा गर्ने उल्लेख गर्नु भएको छ ।


श्रद्धा सुमन
जन्म
वि.स.१९५६
स्वर्गारोहण
वि.स.२०२५
स्व.राम सागर साह
श्री धर्म संस्था (रामस्वरुप साह रामसागर साह) का संस्थापकद्वयमध्ये **रामसागर साह**को आज ५६ औं पुण्य तिथिमा दिवंगत आत्माको चीर शान्तिको लागि जगत जननी जानकी माता संग प्रार्थना गर्दै भावपूर्ण श्रद्धा सुमन अर्पण गदछौ ।
रामपल्टन साह सचिव
प्रभाकर प्रसाद साह उपसभापति
तारा चन्द्र प्रसाद साह सभापति
श्री धर्म संस्था (राम स्वरुप साह, राम सागर साह)
मिल्स एरिया, जनकपुरधाम-१, परिवार

मुक्तहलिया समुदायको आर्थिक अवस्थामा सुधार ल्याउन माग



कञ्चनपुर । मुक्त हलियाको आर्थिक अवस्थामा सुधार ल्याउनका लागि कञ्चनपुरका स्थानीय तहलाई आग्रह गरिएको छ । राष्ट्रिय हलिया मुक्ति समाज कञ्चनपुरले जिल्लाका नौवटै स्थानिय तहलाई ध्यानाकर्षण पत्र बुझाउँदै बजेट, नीति तथा कार्यक्रममा मुक्त हलिया समुदायको आय आर्जन, सीप क्षमता विकासलगायत रोजगारीका कार्यक्रमको योजना तर्जुमा गरी कार्यान्वयन गर्न माग गरेको छ । स्थानीय तहको नीति तथा कार्यक्रम र बजेटमा मुक्त हलियाको जीविकोपाजर्नको व्यवस्था मिलाउन माग गरिएको समाजका अध्यक्ष शिवी लुहारले बताउनुभयो।

“नगरपालकिामा रहेका लगतमा छुटेका छुटमुक्त हलिया र पुनःस्थापन हुन बाँकी, मुक्त हलियाको न्यायोचति पुनःस्थापनलगायत शिक्षा स्वास्थ्य र रोजगारीका लागि पुनःस्थापन कार्यविधि पारित गरी लागू गर्न माग गरेका छौँ”, अध्यक्ष लुहारले भन्नुभयो, “मुक्तहलिया, बालबालिकालाई कोटा निर्धारण गरी उच्चशिक्षा, प्राविधिक शिक्षा, व्यावसायिक शिक्षामा छात्रवृत्तिसहित निःशुल्क पठनपाठनको माग राखेका छौँ।”

नगरक्षेत्रभित्र गठन हुने विभिन्न उपभोक्ता समिति, उपसमिति, व्यवस्थापन समिति, सञ्चालक समितिमा मुक्त हलिया समुदायको नेतृत्व तथा निर्णायक तहमा समाबेसी समानुपातिक सहभागिता सुनिश्चित गर्न माग अघि सारिएको उहाँले बताउनुभयो।

उहाँका अनुसार मुक्तहलियाका बस्ती जोखिममा रहेकाले संरक्षणका लागि नगरपालिकाले गुरुयोजना बनाई भौतिक निर्माणको काम अगाडि बढाउन माग गरिएको छ । विपन्न अवस्थामा रहेका मुक्तहलियाको दिगो जीविकोपार्जनका तथा स्वोरोजगार मूलक कार्यक्रम ल्याई आत्मनिर्भर बनाइनुपर्ने उहाँले बताउनुभयो । मुक्तहलियासँगै समाजमा पछाडि पाारिएका आदिवासी जनजाति र सिमान्तकृत समुदायको आर्थिक, सामाजिक र राजनीतिक, हिसाबले सशक्तीकरण गरी राज्यको मूलधारमा ल्याउने प्रमुख जिम्मेवारी राज्यको नै भएकाले राज्यका तीन वटा तहमध्ये पहिलो जिम्मेवारी र दायित्व स्थानीय सरकारको रहेको दलित अधिकारकर्मी अन्तराम वडले बताउनुभयो।

“नेपालको संविधान २०७२ र यसअन्तर्गत बनेका नीतिहरुले राज्यका हरेक अङ्गमा समाबेसी सहभागिता गराउने कुरा उल्लेख भए पनि व्यावहारिक कार्यान्वयन हुन सकेका छैनन”, उहाँले भन्नुभयो, “यी समुदायका माग सवाल र विषय सम्बोधन नहुन नेपालको संविधान २०७२ को मर्म र भावनाविपरीत हो, आदिवासी जनजाति र दलित समुदाय आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक अधिकार, प्राकृतिक स्रोत (जल, जङ्गल र जमिन) उपभोग गर्नबाट वञ्चित गराइनु हुँदैन ।”स्थानीय तहले मुक्तहलिया, कमैया र कमलरी पुनःस्थापन कार्यवधि बनाई कार्यान्वयन गर्नुपर्ने उहाँको माग रहेको छ । जिल्लामा मुक्तहलिया परिवारको संख्या दुई हजार छ सय ९९ रहेको छ ।रासस

पाँच हजारबाट सुरु भएको व्यवसाय करोडौंमा

पाँचथर । याङवरक गाउँपालिका-३ ओयामको देवीस्थानकी मीनाकुमारी गुरुङले भेडाको ऊनका सामग्री उत्पादन गर्न थालेको ३० वर्ष पूरा भयो । तत्कालीन घरेलु तथा साना उद्योग कार्यालय पाँचथरले तालिम दिएपछि नियमित रुपमा ऊनका सामग्री निर्माण गर्दै आउनुभएका उहाँलाई अहिले माग पूरा गर्न कठिन परेको छ।

गुरुङले स्थापना गर्नुभएको लेकाली राडीपाखी उद्योगले उहाँको परिवारलाई मात्रै फाइदा भएको छैन, छिमेकका ऊनको काम गर्न चाहने महिलाका लागि रोजगारी र आम्दानीको बाटो पनि बनेको छ । विसं २०५१ मा यहाँको चरिभञ्ज्याङमा घरेलु तथा साना उद्योग कार्यालयबाट तालिम लिएपछि मीनाकुमारीले ऊनका सामग्री निर्माण गर्न थाल्नुभएको थियो । “पहिले मैले केही पनि जानेको थिइनँ । म त भारत मै जन्मे हुर्केको हुँ । विवाह गरेर यहाँ आएपछि के चाँही गरौं भनेर खोज्दा यहाँ बावु बाजेले गरिराखेको काम गर्नु ठीक लाग्यो”, उहाँले भन्नुभयो, “तर मलाई सीप केही नआउने । तालिम लिने अवसर पाएपछि मैले नियमित रुपमा सामग्री उत्पादन गर्दै आएकी छु।”

विवाह गरेर घरमा आउँदा उहाँको २८ जनाको परिवार थियो। घरमा भेडापालन पनि भएकाले यो व्यवसाय गर्न उहाँलाई सबैतिरबाट सहज भयो । तालिम लिएपछि नै उहाँले आफ्नो कामलाई व्यवसायको रुप दिन सोही कार्यालयबाट रु पाँच हजार ऋण पाउनुभएको थियो । “त्यही ऋणबाट व्यवसाय सुरुआत गरेँ । ऋणबाट व्यवसाय थाल्दाको चिनो मसँग अझै छ तिनपाटे राडी”, उद्यमी गुरुङले भन्नुभयो, “त्यसयता यही व्यवसायले घर परिवार चलाउँदै आएका छौँ ।”

घरेलुको ऋण चुक्ता गरेपछि उहाँले कृषि विकास बैंकबाट २० हजार ऋण लिएर किस्ता तिर्न थाल्नुभएको थियो । तत्कालीन सशस्त्र द्वन्द्वका समयमा उक्त ऋण पनि तिर्न जान बन्देज भयो । उहाँको व्यवसाय पनि धराशायी भयो । उत्पादित सामग्री सहजै बजार पुग्न कठिन भयो । सङ्कटकालमा रोकिएको उहाँको ब्यवसाय पुनः पुरानै स्थितिमा पुग्यो । उहाँको व्यवसायले उचाइ लिन घरेलु कार्यालयबाट आएको एउटा फोन निकै महत्वपूर्ण भयो । “गाउँघरको घरपाला (गाउँकै भेडाको) ऊनबाट सामग्री निर्माण गरिरहेकी थिएँ । पछि घरेलु कार्यालयबाट मलाई फोन आयो”, उहाँले भन्नुभयो, “परम्परागत पेशालाई ब्यवसाय बनाउनेहरुलाई तालिम दिने कार्यक्रम रहेछ । त्यसपछि मैले व्यवसायीक रुपमा काम गर्ने तालिम लिने अवसर पाएँ ।”

उहाँले आफ्नो व्यवसायलाई बढाएपछि भेडाको ऊनको खाँचो पनि भएन । भेडापालकले घरमै ऊन पठाइदिन थाले । “पहिले त २० जनासम्म दिदीबहिनीले मेरोमा काम गर्नुहुन्थ्यो । अहिले चाही उहाँहरुले ऊन जोखेर आफ्नै घरमा खोसलेर धागो बनाएर ल्याइदिनु हुन्छ”, उद्यमी गुरुङले भन्नुभयो, “धेरै माग आउँदा दिदीबहिनीहरुलाई भेला पारेर बुन्छौँ । माग आएपछि सबैलाई बोलाउँछु। अहिले गाउँका धेरै जना ऊनका सामग्री बुन्न सक्षम भइसकेका छन् ।”

गुरुङको उद्योगमा अहिले चेयर म्याट, सोफा सेट, बुर्कासन, दुई र तीन पाटे राडी, लुकुनी, स्टकोट, कोट, झोला, पर्स, गमलामा राख्ने फूललगायत सामग्री निर्माण हुने गरेका छन् । उहाँका अनुसार ऊनका २०८ प्रकारका सामग्री निर्माण गर्न सकिन्छ । यद्यपि यहाँ ती सबै सामग्री उत्पादन हुँदैनन् । उद्योगमा प्रयोग हुने ऊन भने जिल्लाकै फालेलुङमा रहेको भेडी गोठसहित ताप्लेजुङका विभिन्न स्थानबाट आपूर्ति गर्ने गरिएको छ । गुरुङले सामग्री निर्माणका लागि विभिन्न प्रकारका ऊन काठमाडौँबाट ल्याउने गर्नुभएको छ।

विदेश पुग्छन् अधिकांश सामग्री

उद्यमी गुरुङका अनुसार उत्पादित सामग्रीका आधारमा फाइदा हुने गर्छ । “सानो सामग्रीमा रु सय हाराहारी नाफा हुने गरेको छ, ठूलो सामग्रीमा रु दुई हजारसम्म फाइदा राखेर बिक्री गर्छौँ”, उहाँले भन्नुभयो, “धेरै मूल्य राखौँ बिक्री हुन गाह्रो हुन्छ, कम मूल्य राख्दा फाइदा हुँदैन ।” यद्यपि आफैँ बजार गएर बिक्री गर्दा भने आकर्षक मूल्य प्राप्त गर्न सकिने गुरुङ वताउनुहुन्छ । यहाँ उत्पादित ऊनका सामग्री देशका विभिन्न स्थान सहित छिमेकी मुलुक भारत र अन्य देशमा समेत विक्री हुने गरेको छ । अमेरिका, अष्ट्रेलिया, जापानलगायत देशमा बस्ने नेपालीले घरमा सजावटका लागि यहाँका सामग्री माग गर्ने गर्दछन् । पछिल्ला दिनमा लुकुनी मृत्यु कार्यमा प्रयोग गर्न थालिएको छ । जसकारण यसको माग क्रमश बढिरहेको मीनाकुमारीको भनाइ छ।

उहाँको उद्योगमा केन्द्रित भई अहिले ऊन खोस्रिने, धागो तान्ने, तान बुन्नेलगायत काममा औषत १० महिला सम्लग्न भइ रोजगारी प्राप्त गरिरहेका छन् । तर कठिन ठानेर ऊनको काम गर्नेको सङ्ख्या घटिरहेको छ । अब प्रविधिको प्रयोगमार्फत व्यवसायलाई सरल बनाउन मीनाकुमारीसहितका महिलाले चासो राखिरहनुभएको छ । आफूहरुले गरी आएको परम्परागत पेशाको सम्वर्द्धनका लागि अहिलेसम्म कुनै पनि सहयोग प्राप्त नभएको उहाँहरुको गुनासो छ।

“अहिले हामीलाई ऊन फड्किने सामग्री चाहिएको छ । ऊन फड्कार्न धेरै गाह्रो छ । त्यही कारण आउने माग समयमा पूरा गर्न सकिरहेका छैनौँ”, उहाँले भन्नुभयो, “तान जसले पनि बुन्छ । ठूलो समस्या भनेको पिउरी बनाउन गाह्रो छ । त्यही गर्न मेसिन पाए हुन्थ्यो भन्ने आशा छ ।” केही समयअघि घरेलु तथा साना उद्योग कार्यालय पाँचथरबाट मीनाकुमारीको उद्योगमा प्रविधि विस्तार गर्न बजेट विनियोजन पनि भएको थियो । तर कार्यालयबाट विनियोजित रु एक लाख बजेटमा मेसिन नआउने भएपछि बजेट प्रयोग नै हुन सकेन । भेडाको ऊनबाट धागो कात्न उनमा रहेको लट्टा फुटाउनुपर्छ । लट्टा फुटाउन प्रयोग हुने कोन्यासो भाँचिएर डालोभरि रहेको मीनाकुमारीको गुनासो छ।

“अहिले युट्युबमा के-के नयाँ सामग्री पाइन्छ भनेर बुझ्न थालेका छौँ”, उहाँले भन्नुभयो, “हामीलाई चाहिएको ऊन फड्किने नै हो। हामीले काठमाडौँमा प्रदर्शनीका क्रममा धान कात्ने, ऊन फड्कार्नेलगायत सामग्री देखेका थियौँ । मेसिनबाट सामग्री बनाउँदा अलि नरम पनि हुने रहेछ ।”यहाँ उत्पादन हुने सामग्री कतिपय घरबाटै बिक्री हुन्छ भने कतिपय गाडीमा हालेर पठाउने गरिएको छ । सामग्री बिक्रीका आधारमा आम्दानी हुने गरेको तर उपभोक्ताको माग पूरा गर्न नसकिरहेको मीनाकुमारीको भनाइ छ।

राष्ट्रिय औद्योगिक प्रदर्शनीलगायत स्थानसम्म पुग्नुभएका मीनाकुमारी गुरुङलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसहित विभिन्न सरकारी निकायले उत्कृष्ट उद्यमीका रुपमा पुरस्कृत गरिसकेका छन् । यहाँ उत्पादन भएको राडीपाखी याङ्वरक गाउँपालिका तथा जिल्लामा आयोजना हुने विभिन्न कार्यक्रममा उपहारका रुपमा वितरण हुँदै आएको छ । सामग्रीले पहिचान बनाए पनि प्रविधिलाई प्रयोगमा ल्याउन नसक्दा सामग्री उत्पादन कठिन बन्दै गएको मीनाकुमारीकी छोरी युनुसा गुरुङको भनाइ छ। प्रविधिको प्रयोगमार्फत व्यवसायलाई सरल बनाइ दीर्घकालीन आम्दानीको स्रोत बनाउने अभिलाषा मीनाकुमारीजस्तै यहाँका अधिकांश महिलाले राखेका छन्। यसका लागि सरकारी निकायले प्रविधि र उपकरण हस्तान्तरण गर्नुपर्ने उहाँहरुको माग छ । शिक्षकसमेत रहनुभएका मीनाकुमारीका श्रीमान पूर्णकुमार गुरुङ पनि प्रविधि हस्तान्तरण गरी सरकारले मद्दत गर्नुपर्ने वताउनुहुन्छ । राडीपाखी बुन्ने चलन क्रमश घट्दै गएकाले उत्पादन हुने उद्योगी व्यवसायीलाई सहयोग भए मात्रै परम्परागत पेशा जीवन्त रहने उहाँको भनाइ छ।

उक्त स्थानमा मीनाकुमारीले मात्रै उद्योग दर्ता गर्नुभएको छ । तर ऊनका सामग्री बनाउने काम उहाँका गुरुङ समुदायका अधिकांश महिला र अन्य समुदायका केही महिलाले गर्दै आएका छन् । यहाँकी माया गुरुङ कहिले आफ्नै घरमा त कहिले मीनाकुमारीको उद्योगमा गएर ऊनका सामग्री बनाउने काम गर्दै आउनुभएको छ । “घरमा फुर्सदको समयमा ऊनकै काम गरिरहन्छौँ। अलिअलि आम्दानी हुन्छ । नानीहरुलाई खर्च पुऱ्याउन सकिन्छ”, आफ्नो अनुभव सुनाउँदै मायाले भन्नुभयो।

वर्षमा ३० धार्नीसम्म ऊनबाट सामग्री बनाउन सके अलिअलि बचत गर्न सकिने उहाँको अनुभव छ । ऊनका सामग्री निर्माण गर्ने काम सहज भने पक्कै छैन् । “नगर्ने मानिसले जीउभरि ऊन लाग्छ के गरेको भन्नुहुन्छ ? त्यही आम्दानी हुने भएरै हामी यो काम गरिरहेका छौँ । हामीलाई राम्रै लाग्छ”, मायाले भन्नुभयो।

६५ वर्षकी मैना गुरुङ पनि यही व्यवसायबाट घरको खर्च जुटाउने गरेको बताउनुहुन्छ । “६५ वर्षको भएँ । उनको काम गरेर ठीकै आम्दानी गरिरहेकी छु। भ्याएको बेला काम गरौँ-गरौँ लाग्छ”, मैनाले भन्नुभयो, “बिक्री पनि भइरहेकै छ । म अरुले जस्तो सबै सामग्री बनाउन त जान्दिनँ । आफूले जानेअनुसारका राडीसहितका सामग्री बनाइरहेकी छु ।”

यो पेशालाई छोरी बुहारीले अङ्गाल्ने अपेक्षामा मैना हुनुहुन्छ । “हामीले त उमेरका कारण काम गर्न सक्न छाड्यौँ । हाम्रो छोरी बुहारीहरुले सीप सिकेर कहिलेकाही बुन्ने गरेका छन्”, उहाँले भन्नुभयो, “बावु बाजेको पेशालाई निरन्तरता दिन्छन् भन्ने आशा छ ।”रासस

हिउँदमा सिँचाइ गर्न पोखरी निर्माण

पर्वत । वर्षायाममा पानी सञ्चित गरी सुक्खायाममा सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्यले पर्वतको फलेवासमा सिँचाइ पोखरी निर्माण गरिएको छ । खाद्यान्न उत्पादनका लागि जिल्लाकै अब्बल मानिएको फलेवासमा हिउँदयाममा भने सिँचाइ गर्न सकस हुँदै आएको छ।

फलेवास सिँचाइ योजनाको मुहान रहेको लमाए खोलामा पानीको मात्रा कम हुँदा हिउँदमा खेतबारी बाँझै राख्नुपर्ने बाध्यता भएका बेला सिँचाइ पोखरी बनाएपछि बाह्रैमास सिँचाइ गर्न सकिने भएको छ । फलेवास नगरपालिका-६ देवीस्थानमा पोखरी निर्माण गरिएको हो । हिउँदे सिँचाइका लागि पानी सङ्कलन गर्न पोखरी निर्माण गरिएको हो। सुक्खायाममा बाँझो जमिनमा सिँचाइ सुविधा पुऱ्याउन पोखरी निर्माण गरिएको देवीस्थानका वडाध्यक्ष नवीनकुमार श्रेष्ठले जानकारी दिनुभयो। करिब १२ हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्ने गरी पोखरी निर्माण गरिएको छ।

स्थानीय चौविस कुरिया टोलको फेदीबाट डिप बोरिङमार्फत पानी तानेर पोखरीमा जम्मा गर्ने र हिउँदमा फाँटहरुमा हिउँदे खेती, फलफूल, तरकारी बालीमा सिँचाइको सुविधा पुऱ्याइने छ । हिउँदको समयमा पानी अभावका कारण सुक्खा रहने जमिनमा सिँचाइ हुने गरी पोखरी बनेपछि स्थानीय कृषक खुसी भएका छन्।

पोखरी निर्माणका लागि गण्डकी प्रदेश सरकारअन्तर्गत रहेको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय पर्वतमार्फत रु २० लाख बजेट प्राप्त भएको थियो । पाँच फिट गहिराइ, दश मिटर चौडाइ र १६ मिटर लम्बाइ भएको पोखरी निर्माण भएपछि देवीस्थानका एक सय ३० घरधुरी लाभान्वित हुने पोखरी निर्माण उपभोक्ता समितिका अध्यक्ष रमेश चपागाईले बताउनुभयो।

“यसले हिउँदमा धेरै कृषक लाभान्वित हुने छन्”, उहाँले भन्नुभयो। बाह्रै महिना सिँचाइ हुने भएपछि तरकारी उत्पादनमा वृद्धि गर्ने कृषकको योजना छ। सडक, विद्युत् पुगे पनि पर्याप्त सिँचाइका लागि पानी नहुँदा तरकारी तथा अन्य वस्तु आयात गर्दै आएका किसानले अब त्यसका कमी आउने अपेक्षा गरेका छन्।

अहिले पर्वतको कुल खेतीयोग्य जमिनमध्ये ११ हजार नौ सय ३४ हेक्टर क्षेत्रफलमा सिँचाइको सुविधा छ । तर बाह्रैमास सिँचाइ सुविधा पुग्ने जमिनको क्षेत्रफल भने जम्मा तीन हजार पाँच सय हेक्टर मात्र रहेको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका प्रमुख विष्णुहरि अधिकारीले बताउनुभयो । स्रोत कम भएका तर खेतीयोग्य जमिन रहेका फलेवासजस्तै कटुवाचौपारी, पाङ, बर्राचौर, कुर्घालगायतका ठूला फाँटमा यस्ता पोखरी निर्माण गर्न सकिने उहाँको भनाइ छ ।रासस

औषधिजन्य जडीबुटी मेला

काठमाण्डु । आयुर्वेद तथा वैकल्पिकचिकित्सालयलेजडीबुटीलाई औषधिजन्य पदार्थको प्रयोग गर्न अभिप्रेरित गर्ने उद्देश्यले शनिबार ‘औषधिजन्य जडीबुटी मेला’ आयोजना गरेको छ।

चिकित्सालयका प्रमुख डा पुनम नेपालले औषधिजन्य जडीबुटीको ज्ञानलाई जानकारी दिने उद्देश्यले नेपाल प्रज्ञा-प्रतिष्ठानमा मेलाको आयोजना गरिएको बताउनुभयो । मेलामा नेपालको हिमाल, पहाड र तराईमा उब्जेका बहुमूल्य जडीबुटी प्रदर्शनी, आयुर्वेद तथा हाम्रा परम्परामा रहेका विभिन्न जडीबुटीबाट मिश्रित पथ्य आहार एवं खानपानको जानकारी गराइने छ।

चिकित्सालयका प्रमुख डा नेपालले मेलामा जडीबुटीको पहिचान र उपयोगसम्बन्धी जानकारी, रैथाने एवम् लोपोन्मुख बहुमूल्य जडीबुटीको जानकारी, स्वास्थ्य प्रवर्द्धन तथा उपचारका लागि स्थानीय जडीबुटी पहिचान, उपयोग र उत्पादनको जानकारी दिइने बताउनुभयो । यसैगरी, प्राविधिक सत्रमा सम्बन्धित विषयविज्ञहरुद्वारा औषधिजन्य जडीबुटी र पोषण, जलवायु परिवर्तन, पर्यावरणीय स्वास्थ्य, जडीबुटीहरुको दिगो संरक्षणसम्बन्धी वैज्ञानिक सत्रहरु पनि राखिएको छ।

मेलामा औषधिजन्य जडीबुटीको व्यावसायिकखेती, वैज्ञानिक पद्धतिबाट सङ्कलन, दिगो संरक्षणमा प्रयास एवम् किसानबाट उत्पादनकर्तासम्म स्थिति, सम्भाव्यता र चुनौतीका बारेमा पनि छलफल हुनेछ । मेलाबाट औषधिको प्रयोग भए पनि लोपोन्मुख रहेका जडीबुटीको संरक्षण गर्न सहयोग मिल्नेछ । चिकित्सालयका प्रमुख डा नेपालले नेपालमा करिब पाँच हजार छसय जडीबुटीबाट औषधि उत्पादन हुने गरेका अध्ययनले देखाएको बताउनुभयो ।रासस

उत्कृष्ट करदाता सम्मानित

नुवाकोट । जिल्लाको विदुर नगरपालिकाले सबैभन्दा धेरै कर तिर्ने १३ जना करदातालाई ‘उत्कृष्ट करदाता’ का रुपमा सम्मान गरेको छ । शुक्रबारदेखि सुरु भएको विदुरको १५औँ नगरसभाको अधिवेशनमा कर बुझाउनेमध्ये प्रत्येक वडाबाट एकजनाका दरले उत्कृष्ट करदातालाई सम्मान गरिएको हो।

सभाध्यक्ष एवं नगरप्रमुख राजन श्रेष्ठका अनुसार पालिकामा रहेका १३ वडाबाट सबैभन्दा बढी कर बुझाउने १३ जना व्यवसायीलाई सम्मान गरिएको हो । सम्मानित हुनेमा वडा नं। १ बाट किरण खतिवडा, २ बाट भुवनलाल राजभण्डारी, ३ बाट मङ्गले श्रेष्ठ, ४ बाट भगवानराज श्रेष्ठ, ५ बाट मनमैजु इन्डस्ट्रिज प्रालि, ६ बाट सरस्वती धिताल लामिछाने र ७ बाट भैरवबहादुर भण्डारी हुनुहुन्छ ।वडा नं. ८ देखि १३ बाट क्रमशः शिवप्रसाद अधिकारी, जितेन्द्रमान श्रेष्ठ, प्रकाश खतिवडा, निलप्रसाद चालिसे, अर्जुनप्रसाद रिमाल र अम्बरबहादुर तामाङ सम्मनित हुनुभएको नगरप्रमुख श्रेष्ठले जानकारी दिनुभयो।

विदुर नगरपालिका
विदुर, नुवाकोट
२०७३

विदुरले करको आकार बढाउने भन्दा दायरा बढाउँदै करदातालाई आकर्षित गर्ने र आन्तरिक श्रोत बढाउने लक्ष्य अनुरुप आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट केन्द्रित गरी कार्यान्वयनका लागि बजेट विनियोजन गरिने नगर उपप्रमुख प्रभा बोगटीले बताउनुभयो ।शुक्रबारदेखि सुरु भएको नगरको अधिवेशनले नीति तथा कार्यक्रमलाई संशोधनसहित पास गरिसकेको छ । रु एक अर्ब ११ करोड हाराहारीको अनुमानित बजेटमाथिको छलफल जारी रहेको उपप्रमुख बोगटीले जानकारी दिनुभयो ।रासस

भूमिसुधार तथा मालपोत कार्यालय (भूमिसुधार शाखा) धनुषाबाट जारी भएको म्याद जिल्ला धनुषा संतोषर गा.वि.स. वडा नं. ५ हाल सबैला नगरपालिका वडा नं. ९ मा बस्ने जयलाल राउतको श्रीमती राम सरुप राउत नाउाको म्याद सरहको उपस्थित हुन आउने बारेको ३० (तिस) दिने सार्वजनिक सूचना

जिल्ला धनुषा ठिल्ला यदुवा गा.वि.स. वडा नं. ९ हाल सबैला नगरपालिका वडा नं. ९ मा बस्ने जनक किशोर महतो र रुपेश साह सुडीको नाउँमा दर्ता कायम रहेको तपशिल उल्लेखित जग्गाको जग्गाधनीले मोही जग्गा बाँडफाँड दर्ता गर्नु भएको मि.न. ०९ डा.मि. २०८०/०५/१३ मुद्दामा कारवाहीको सिलसिलामा मोहीको नाउँमा म्याद जारि गर्दा निज मोहीको ठेगानामा म्याद तामेल गर्न जाँदा म्याद तामेल हुन नसकेको व्यहोरा तामेलदारको निवेदन आएको हुदाँ प्रतिवादीको नाउँमा म्याद सरहको सूचना जारी गरि पठाउनु भनी भूमिसुधार तथा मालपोत कार्यालय धनुषा (भूमिसुधार शाखा) मा मिति २०८०/०३/०६ गतेमा भएको आदेशानुसार तपाई जग्गाधनी लाई ३० (तिस) दिन भित्र उपस्थित हुन आउनुहुन मुलुकी देवानी कार्यविधि संहित २०७४ को दफा १०५ को उपदफा २२ बमोजिम यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र स-प्रमाण उपस्थित हुन आउनुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ।

तपशिल

जिल्ला	गा.वि.स.	वडा नं.	कि.न.	क्षेत्रफल	बाँडफाँड माग गरेको विवरण
धनुषा	संतोषर	५	२८०	०-२-९	पश्चिम तर्फ बाट जग्गाधनी लाई

सखुवानन्कारकट्टी गाउँपालिका
गाउँ कार्यपालिको कार्यालय
सखुवानन्कारकट्टी, सिरहा
मधेश प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति:- २०८१/०३/०९ गते

यस कार्यालयबाट मिति २०८१/०२/२१ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ठेक्काहरु सम्बन्धित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रदाताहरु मध्ये तपशिमा उल्लेखित बोलपत्रदाताको न्यूनतम मूल्याङ्कित बोलपत्र सारभुत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

सि. न.	ठेक्का नं.	दरभाउपत्र दताको नाम, ठेगाना	कबोल अङ्क (मु.अ.क. सहित)	कैफियत
१	02H/2080-2081	त्रिवेणी सर्जिकल सप्लायर्स प्रा.लि. महालक्ष्मी न.पा. ३ ललितपुर	रु.१२४६०३५	

वीरगञ्ज महानगरको २ अर्ब ८९ करोड ४८ लाखको बजेट

टुडे समाचारदाता

वीरगंज महानगरपालिका
नगर सभाको १५ औं अधिवेशन
२०८१ आषाढ ८ गते
वीरगंज
आयोजक
वीरगंज महानगरपालिकाको कार्यालय
वीरगंज, पर्सा
RGUNJ PARTY PALACE & HOT
BPH

वीरगञ्ज। वीरगञ्ज महानगरपालिकाले आगामी आर्थिक वर्ष ०८१/०८२ का लागि करिब ३ करोड रुपैयाँ बराबरको बजेट ल्याएको छ।

नगरसभामा उपमेयर इम्तेयाज आलमले आगामी आर्थिक वर्ष ०८१/०८२ का लागि २ अर्ब ८९ करोड ४८ लाख रुपैयाँको बजेट प्रस्तुत गरेका छन्।

चालू आर्थिक वर्षको तुलनामा आगामी वर्षका लागि महानगरपालिकाले ६२ करोड रुपैयाँ कम बजेट ल्याएको छ। चालु आर्थिक वर्षमा महानगरले ३ अर्ब ५१ करोड रुपैयाँको बजेट ल्याएको थियो।

बजेट प्रस्तुत गर्दै उपमेयर आलमले चालु आर्थिक वर्षमा समानीकरण अनुदान रकम अन्तिम त्रैमासिकको २५ पच्चिस प्रतिशत रोक्का रहेको भन्दै घरजग्गा रजिस्ट्रेसन आयस्रोत समेत घटेको जानकारी दिए। उनले यी समस्याहरूका कारण आगामी आर्थिक वर्षका लागि बजेटको आकार घटाउनु परेको बताए। नगर सभामा प्रस्तुत आगामी आर्थिक वर्षको बजेटमा चालु खर्चतर्फ २ अर्ब ४ करोड ६६ लाख रुपैयाँ छ भने पुँजीगत खर्चतर्फ ८१ करोड १८ लाख ८ हजार रुपैयाँको बजेट विनियोजन गरिएको छ।

आगामी आर्थिक वर्षका लागि महानगरले खर्च व्यहोर्ने श्रोतहरूमध्ये आन्तरिक राजश्वबाट ७९ करोड ७५ लाख रुपैयाँ, संघीय अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट १ अर्ब रुपैयाँ, २७ करोड ९० लाख रुपैयाँ, संघीय राजश्व बाँडफाँटबाट २६ करोड ८० लाख रुपैयाँ छुट्याइएको छ। त्यस्तै प्रदेश अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट ५ करोड ३५ लाख रुपैयाँ, प्रदेश राजश्व बाँडफाँडबाट २ करोड २८ लाख रुपैयाँ र नगद मौज्दातबाट १० करोड रुपैयाँ खर्च व्यहोर्ने गरी बजेट व्यवस्थापन गरिएको उपमेयर आलमले बताए।

बालिका संरक्षण ऐन पारित

टुडे समाचारदाता

जनकपुरधाम। मधेश प्रदेशसभाबाट बालिका संरक्षण ऐन २०८१ सर्वसम्मतले पारित भएको छ। सभामुख रामचन्द्र मण्डलले सो ऐन सर्वसम्मतले पारित भएको घोषणा गरेका छन्।

बालिकामाथि हुने जातीय र लैंगिक विभेद अन्त्य गर्दै शारीरिक, मानसिक र बौद्धिक विकासका लागि मधेश सरकारले बालिका संरक्षणसम्बन्धी कानुन बनाएको छ।

प्रदेश सभा
मधेश प्रदेश

प्रदेशसभामा सो ऐनमाथि छलफल हुँदा १७ सांसदले आ-आफ्नो धारणा राखेका थिए। सो क्रममा उठेका प्रश्नको जवाफ खेलकुद तथा समाज कल्याणमन्त्री प्रमोदकुमार जयसवालले दिए।

खेलकुद तथा समाजमन्त्री जयसवालले भने, ‘यो ऐनले बेटी जिन्दावादको म्यासेज दिएको छ। बेटी जिन्दावाद।’

उनले माता जानकीको जन्मभूमि यो प्रदेशले बालिकासम्बन्धी पहिलो पटक कानुन बनाएको उल्लेख गर्दै अब यस प्रदेशमा छोरीमाथि भइरहेको विभेद अन्त्य हुने बताए।

बालिकाको संरक्षण र भविष्य निर्माणका लागि शिक्षा, स्वास्थ्य र संस्कारका लागि बालिका संरक्षण ऐन ल्याएको उनले बताए।

मन्त्री जयसवालले भने, ‘ लिंग परीक्षण गराउने र छोरी छ भने भ्रुण हत्या गराउने जुन प्रवृत्ति छ। अब त्यो पनि अन्त्य हुनेछ।’

मन्त्री जयसवालले छोरी बीमा कार्यक्रम पुनः सुरु गरिने र त्यसका लागि सरकारले १२ करोड रुपैयाँ विनियोजन गरिसकेको समेत जनाए। यो ऐनलाई कडाइका साथ लागु गर्न प्रदेशको आफ्नै प्रहरी नभएसम्म तत्काल नेपाल प्रहरीसँग आवश्यक सहकार्य गर्ने पनि उनले बताए।

‘संचारकर्मीमा सकारात्मक उर्जा र चिन्तनको आवश्यकता’

Interactive Media Seminar
'Spiritual Empowerment for Healthy & Happy Society - Role of Media'
'स्वस्थ र सुखी समाजको लागि आध्यात्मिकता-मिडियाको भूमिका'

टुडे समाचारदाता

जनकपुरधाम। देशको विकासका लागि पत्रकारिता जगत स्वच्छ हुनुपर्ने वक्ताहरुले जोड दिएका छन्।

ब्रह्माकुमारी राजयोग सेवा केन्द्रको आयोजना तथा ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय माउन्ट आवुवाट आएका मिडिया क्षेत्रका विज्ञहरूले यसका लागि पहिला पत्रकारहरूमा सकारात्मक ऊर्जा तथा चिन्तन हुन जरुरी रहेकोमा वक्ताहरुले जोड दिए।

भारतको ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय माउन्ट आवुका मिडिया प्रभारी डा. दिन दयाल मित्तलले सामाजिक तथा आर्थिक परिवर्तनमा मिडियाको योगदान महत्वपूर्ण भएकाले सकारात्मक समाजको निर्माण गर्नमा सकारात्मक समाचारलाई प्राथमिकतामा राख्नका लागि आग्रह गरे।

ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयका हैदरावादका राष्ट्रिय मिडिया प्रभारी शारदा दीदिले मिडिया क्षेत्रमा सकारात्मक सोचको निर्माण गर्नका लागि नेपाल भारतका एक हजार पत्रकारहरूका लागि तीन दिवसीय कार्यक्रममा सहभागी हुन आग्रह गरे।

सो कार्यक्रममा जनकपुरधामसहित मधेश प्रदेशमा कार्यरत रहेका राष्ट्रिय तथा अन्तर ाष्ट्रिय सञ्चार माध्यमका चार दर्जन पत्रकारहरूको सहभागिता थियो।

रौतहटको दुई पालिकामा नगरसभा सम्पन्न

टुडे समाचारदाता

रौतहट। रौतहटमा एकैदिन दुई पालिकाको नगरसभा सम्पन्न भएको छ। इशनाथ नगरपालिकाको ९ औं नगरसभा सम्पन्न गरेको छ भने यमुनामाई गाउँपालिकाको ८ औं गाउँसभा सम्पन्न गरेको छ।

स्थानीय तहले असार मसान्तभित्रमा नगरपरिषद् सम्पन्न गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम एवं बजेट ल्याइसक्नु पर्ने कानुनी प्रावधान रहेकोले यमुनामाई गाउँपालिका र इशनाथ नगरपालिकाले शनिबार आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरेको छ।

यमुनामाई गाउँपालिकाको अध्यक्ष मोहम्मद इशादको अध्यक्षतामा भएको गाउँसभामा आर्थिक वर्ष ०८१/०८२ का लागि ३३ करोड ८२ लाख ०६ हजार ९ सय ९९ रुपैयाँ अनुमानित बराबरको बजेट प्रस्तुत गरिएको छ।

ईशनाथ नगरपालिका
९ औं नगर सभा अधिवेशन-२०८१
खुल्ला-सत्र
प्रमुख अतिथि
सभाध्यक्ष

त्यस्तै पूर्व सचिव डा. रामस्वरुप सिन्हाको प्रमुख आतिथ्यता तथा इशनाथ नगरपालिकाका नगर प्रमुख कौशल्या देवीको अध्यक्षतामा भएको नगरसभामा आर्थिक वर्ष ०८१/०८२ का लागि ५१ करोड ५४ लाख ९३ हजार ४ सय ९९ रुपैयाँ बराबरको बजेट प्रस्तुत गरिएको छ।

इशनाथ नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा संघ राजश्व बाडफाँड तर्फ १० करोड २१ लाख ९९ हजार ९ सय ९९ रुपैयाँ, संघ समानीकरण अनुदान १२ करोड ३४ लाख पुजीगत, संघिय सशर्त अनुदान १६ करोड १३ लाख ९१ हजार ५ सय रुपैयाँ चालु तर्फ, संघीय सरकारवाट प्राप्त सशर्त अनुदान पुजिंगत ५५ लाख रुपैयाँ, विशेष अनुदान १ करोड, १५ लाख रुपैयाँ, संघीय समपुरक अनुदान ७५ लाख रुपैयाँ, प्रदेश राजश्व बाँडफाडबाट प्राप्त अनुदान ६० लाख रुपैयाँ, प्रदेश समानीकरण अनुदान ८८ लाख ६७ हजार रुपैयाँ, प्रदेश सशर्त अनुदान ९५ लाख रुपैयाँ, प्रदेश विशेष अनुदान ३० लाख रुपैयाँ, प्रदेश समपूरक अनुदान २० लाख रुपैयाँ, सडक बोर्ड नेपाल ३५ लाख रुपैयाँ, युनिसेफ दुइ पक्षीय वैदेशिक चालू अनुदान २२ लाख रुपैयाँ, युनिसेफ दुइ पक्षीय वैदेशिक पुजीगत अनुदान ३३ लाख रुपैयाँ, आन्तरिक आय,घर जग्गा रजिष्टेशन शुल्क तथा बैंक मौज्दात समेत ६ करोड ५६ लाख ३५ हजार रुपैयाँसमेत गरी जम्मा ५१ करोड ५४ लाख ९३ हजार ४ सय ९९ रुपैयाँको अनुमानित बजेट प्रस्तुत गरेको छ।

नगर उपप्रमुख प्रवेजले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम एवम् बजेट प्रस्तुत गरेका थिए। संघीय र प्रदेश सरकारको वित्तीय समानीकरण, विशेष अनुदान, सशर्त अनुदान, राजस्व बाँटफाँट, समपूरक अनुदान, आन्तरिक आयलगायत गरी बजेट प्रस्तुत गरिएको नगर प्रमुख देवीले बताए। शिक्षा, स्वास्थ्य, कृषि, यातायात, खानेपानी, विद्युत, भौतिक पूर्वाधार निर्माण कार्यलगायतलाई विशेष प्राथमिकतामा राखेर बजेट ल्याइएको उनले बताए। भौतिकसँगै रोजगारी सिर्जना, महिला विकास, शिक्षा, स्वास्थ्यजस्ता विषयमा नगरले उल्लेखनीय काम गरेको उनले बताए। सबैको साथ, सहयोग रहेमा आफ्नो कार्यकालभित्र इशनाथ नगरलाई एक विकसित र समृद्ध नगर बनाउने उनले प्रतिवद्धता जनाए।

शिक्षा, स्वास्थ्य, कृषि, यातायात, खानेपानी, विद्युत, भौतिक पूर्वाधार निर्माण कार्यलगायत नगर धार्मिक र पर्यटकीय क्षेत्रको रुपमा रहेको ईशनाथलाई जोडेर यहाँ पर्यटक भित्रयाउनुपर्नेमा प्रमुख प्रशासकीय अधिकृत रवीन्द्र झाले जोड दिए। सो कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रवीन्द्र झाले स्वागत मन्तव्य राखेका थिए।

राजविराज-सखडा खण्ड मर्मत

टुडे समाचारदाता

राजविराज। राजविराज-सखडा र सखडा-नेउर खण्ड मर्मत हुने भएको छ।

NEPAL PHOTO LIBRARY

वर्षातको समयमा आवागमनमा समस्या हुनु अगावै पाँच दिनभित्र सो सडक खण्ड मर्मत तथा सम्भार गरिने भएको छ।

छिन्नमस्ता गाउँपालिकामा सडक डिभिजनका कर्मचारीसहित स्थानीय जनप्रतिनिधि बैठकबाट आवश्यक मर्मतसम्भार गरी आवतजावत सहज बनाउन तत्काल काम सुरु गरिने निर्णय भएको गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले बताए।

उनले वर्षाले हिलाम्मे भई आवतजावत अवरुद्ध भएको उक्त सडकलाई पाँच दिनभित्र मर्मत गरिने सडक डिभिजन कार्यालय लहानका प्रतिनिधि र ठेकेदार कम्पनीले प्रतिबद्धता जनाएका बताए।

अध्यक्ष चौधरीले भने, ‘ पाँच दिनमा सडक स्तरोन्नति गरी वर्षातमा सहज आवागमन बनाउनका लागि भनिएको छ। छैटौं दिनसम्ममा सो काम सम्पन्न हुने छ।’

रुपनी-छिन्नमस्तासम्मको २२ किलोमिटर सडकमा बोलपत्र आह्वान भए पनि कामले गति लिएको छैन।

मैथिल पत्रकार परिषदको अध्यक्षमा यादव

टुडे समाचारदाता

राजविराज। मैथिल पत्रकार परिषदको अध्यक्षमा पत्रकार सौरभ यादवलाई चयन गरिएको छ।

राजविराजमा शनिबार मैथिली साहित्य परिषदको बसेको कार्यसमिति बैठकबाट मैथिल पत्रकार परिषद्को नयाँ कार्यसमिति चयन गरेको छ।

परिषद्का अध्यक्ष अवधेश झाले जनाए अनुसार उपाध्यक्षमा पुनम पोखरेल, सचिवमा प्रवेश मिश्र(बाबुल), उपसचिवमा रुपेश यादव र कोषाध्यक्षमा रुबी मिश्र चयन भएका छन्। त्यस्तै सदस्यहरूमा क्रमशः उमेश साह, श्रवण मिश्र, आनन्दमोहन शर्मा, पिन्टु यादव, नवीन यादव र भगवानलाल यादवलाई चयन गरिएको छ।

‘मैथिली अन्तर्राष्ट्रिय चलचित्र महोत्सव’ हुने

टुडे समाचारदाता

जनकपुरधाम। जनकपुरधाममा दुई दिवसीय ‘मैथिली अन्तर्राष्ट्रिय चलचित्र महोत्सव’ हुने भएको छ।

लोक सञ्चारको आयोजनामा हुने पहिलो संस्करणमा महोत्सवमा स्वदेशी र विदेशीसहित मैथिली भाषामा निर्माण गरिएका सात चलचित्र, लघुचलचित्र र वृत्तचित्र प्रदर्शन गरिने महोत्सवका निर्देशक रमेश रञ्जनले जानकारी दिए।

उनले भने, ‘हामीले चलचित्र प्रदर्शनीसँगै अन्तरक्रियात्मक कार्यक्रम गर्दैछौं, यस महोत्सवको उद्देश्य मूलतः मैथिली भाषामा बनिरहेका चलचित्रलाई हेर्नु र स्थानीयले त्यसलाई कसरी लिइरहेका छन् भन्ने विषयमा बुझ्नु छ।’ उनले मैथिली भाषीको संख्या ठूलो रहे तापनि यसले चलचित्रको विकास नहुनुका कारण पत्ता लगाउनलाई महोत्सव आवश्यक रहेको बताए।

उनले सन् १९५० को दशकदेखि नै मैथिली भाषाको चलचित्र बनिरहे तापनि पछिल्लो समय संख्यात्मक र गुणात्मकरुपमा कमी आएकाले यस्ता महोत्सव आवश्यक रहेकामा जोड दिए। यही असार ११ र १२ गते जनकपुरधाममा हुने महोत्सवमा नेपालबाट वृत्तचित्रतर्फ ‘गुमकी’ र ‘विदापत’ तथा लघुचलचित्रतर्फ ‘अफवाह’ प्रदर्शन गरिने जनाइएको छ। त्यस्तै विदेशीतर्फ भारतमा निर्मित चलचित्रतर्फ ‘ललका पाग’, ‘ लोटस ब्लूम्स’, ‘समानान्तर’ र लघुचलचित्र ‘रक्त तिलक’ प्रदर्शन गरिने उनले बताए।

त्यस्तै महोत्सवमा ‘मैथिली सिनेमाको निर्माण र व्यवसाय’, ‘ निर्देशकसंग विमर्श’, ‘समकालीन परिदृश्यमा मैथिली सिनेमा’, ‘मैथिली सिनेमाकोविविध स्वरूप र सम्भावना’ शीर्षकमा अन्तर्क्रियासमेत हुने उनले बताए।

‘एक्स-रे’ सेवामा समस्या

टुडे समाचारदाता

रौतहट। रौतहटको चन्द्रपुर नगरपालिकामा रहेको चन्द्रपुर सरकारी अस्पतालमा ‘एक्स-रे’ सेवामा समस्या भएको छ।

एक दिनमा बढीमा १० जनाले मात्रै ‘ एक्स-रे’ सेवा प्रवाह हुँदा सेवाग्राहीलाई समस्या देखिएको छ। नगरपालिकाले अधिक क्षमता भएको एक्स-रे उपकरण उपलब्ध गराउन नसकेका कारण डेढ दशकदेखि प्रयोग हुँदै आएको कम क्षमताको उपकरणले दश वटाभन्दा बढी एक्स-रे गर्न समस्या भएको जनाइएको छ।



दैनिक एक सय ५० जनाभन्दा बढी बिरामीको स्वास्थ्य जाँच हुने उक्त अस्पतालमा दश जनाभन्दा बढी बिरामीको एक्स-रे नहुने भएका कारण सो सेवा लिन अन्यत्र जानु पर्दा सेवाग्राही मर्काका परेका छन्।

करिब डेढ दशकदेखि प्रयोग हुँदै आएको सो मेसिन १०० ‘एमए’ (मेघा एम्पिएर) को भएका कारण बढीमा दश वटा मात्रै एक्स-रे गर्न सकिने अस्पतालका डा. अशोककुमार यादवले बताए।

डा. यादवले अस्पतालको बेडमा रहेका हिँडडुल गर्न नसक्ने बिरामीका लागि बेडसम्म पुऱ्याई आकस्मिक सेवा प्रदान गर्न प्रयोग हुने उक्त मेसिन कम क्षमताको भएका कारण बढी संख्यामा एक्स-रे गर्दा तातिने र सही रिपोर्ट नआउने वा बन्द नै हुने गरेको बताए।

मेरुदण्डको समस्या लिएर अस्पताल पुगे चन्द्रपुर-६ का ज्येष्ठ नागरिक शंकर माझीले अस्पतालमा एक्स-रे सेवा पाउन सकेनन्। उनी एक्स-रेका लागि अन्यत्र जान बाध्य भए। अन्य स्वास्थ्य समस्या लिएर अस्पताल पुग्ने बिरामीमध्ये बढीमा दश जनाले मात्रै एक्स-रे सेवा पाउने भएपछि अन्य बिरामी अन्य अस्पतालमा महँगोमा एक्स-रे गराउन बाध्य छन्। स्वास्थ्य परीक्षण एकातिर एक्स-रे अर्कोतिर हुँदा ओहोरदोहोरले बिरामीलाई झनै समस्या हुने सेवाग्राहीको भनाइ छ।

अस्पतालका रेडियोग्राफर दीपेन्द्र झाले सो मेशिनबाट मेरुदण्डको एक्स-रे नहुने बताए। उनले हात खुट्टा भाँचिएका र छातीको सामान्य एक्स-रे मात्र गर्न मिल्ने सो मेसिनबाट रेडियसन अर्थात् विकिरण अधिक प्रवाह हुने भएकोले जोखिमयुक्त रहेको बताए। एक्स-रे गर्दा रेडियोग्राफरको सुरक्षाका लागि पहिरिने ‘ एप्रोन’ समेत अस्पतालमा नभएको गुनासो गरे।

यता चन्द्रपुर नगरपालिकाको उदासीनताका कारण अस्पतालमा स्वास्थ्य सेवा निष्प्रभावी बन्दै गएको नगरवासीको गुनासो छ।

होस्टेल एशोसिएसन धनुषा गठन

टुडे समाचारदाता

जनकपुरधाम। नेपाल होस्टेल एशोसिएसन धनुषा गठन भएको छ। रञ्जय जयसवालको अध्यक्षतामा ९ सदस्यीय समिति गठन गरिएको छ।

नेपाल होस्टेल एसोसिएशन
Nepal Hostel Association (NeHa)
धनुषा जिल्ला तदर्थ समिति गठन
मिति
स्थान
जनकपुरधाम

सो समितिको उपाध्यक्षमा संजीव कुमार महरा, सचिवमा कलाम नदाफ, कोषाध्यक्षमा रेखा देवी साहलाई चयन गरिएको छ। सो समितिको सदस्यहरुमा रुपेश कुमार सिंह, घनश्याम झा, राजेश सिंह, राजकुमार शाह, सिकेन्द्र यादव रहेका छन्।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८